# अध्याय : एक

# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधकार्यको शीर्षक कक्षा नौ मा कथा शिक्षण गर्दा प्रयुक्त विधिहरूको अध्ययन रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्रसङ्काय नेपाली शिक्षा विभागअन्तर्गत एम.एड.दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि रहेको छ ।

## १.३ समस्या कथन

प्रस्तुत शोधकार्यअन्तर्गत कक्षा-९ मा कथा शिक्षण गर्दा प्रयुक्त विधिसँग सम्वन्धित देहायका समस्याहरूमा केन्द्रित रही अध्ययन गरिएको छ :

क) कक्षा-९ मा कथा शिक्षण गर्दा शिक्षकले के-कस्ता विधिहरू प्रयोग गर्दछन् ?

ख) कक्षा-९ मा अध्ययनरत विद्यार्थीका लागि कुन विधि उपयुक्त हुन्छ ?

ग) शिक्षकले प्रयोग गरेका विधिहरूले उद्देश्यहरू पूरा हुन सक्छ ?

## १.४ शोधको उद्देश्य

कक्षा-९ मा कथा शिक्षण गर्दा प्रयुक्त विधिहरूको अध्ययन गर्न निम्न उद्देश्यहरू रहेका छन् :

क) कथा शिक्षण गर्दा शिक्षकले कुन-कुन विधि प्रयोग गर्दछन्, सोको पहिचान गर्न ।

ख) कथा शिक्षणका उपयुक्त विधि पत्ता लगाउँन ।

ग) शिक्षकले प्रयोग गरेका विधिद्वारा उद्देश्यप्रतिको तथ्य पत्ता लगाउन ।

## १.५ पूर्वकार्यको अध्ययन

खोज अनुसन्धानलाई उपलब्धिमूलक,उद्देश्यपूर्ण र सहज ढङ्गले पूरा गर्न त्यसभन्दा अगाडि यसै विषयवस्तुसँग सम्बन्धित खोज अनुसन्धानहरूको अध्ययन गर्नुपर्ने  हुन्छ । पूर्वकार्यको अध्ययनले सम्वन्धित विषयमा देखिएका सकारात्मक र नकारात्मक पक्षहरू छुट्याई सकारात्मक पक्षलाई आधार मान्दै खोज अनुसन्धानलाई उचित दिशा प्रदान गर्ने हुँदा खोज अनुसन्धानमा पूर्वकार्यको अध्ययन एउटा उपयोगी हुने भएकाले शोधकार्यमा यसको महत्त्व हुन्छ । कक्षा शिक्षणका विभिन्न विधिहरू छन् जसमा कुन विधि प्रयोग गर्दा शिक्षण प्रभावकारी हुन्छ र कक्षा ९ मा कथा शिक्षण गर्दा कुन-कुन विधि अपनाउन सकिन्छ ? अर्थात् कक्षा-९ का नेपाली शिक्षकहरूको के-कस्ता विधिको प्रयोग गरी कथा शिक्षण गर्दछन् ? भन्ने कुरामा मूलतः यो शोधकार्य केन्द्रित रहने भएकाले यसै विषयसँग सम्बन्धित शोधकार्यको पूर्वकार्यको अध्ययन निम्नअनुसार गरिएको छ ।

शोधार्थी अनन्तप्रसाद बेल्वासे (२०६०) ले ‘कक्षा-५ मा कथा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन’ नामक शोधपत्रमा भाषा शिक्षणका प्रचलित विधिको उल्लेखका साथै कक्षाबाट भाषिक सीप विकासका लागि गरिने क्रियाकलापको चर्चा गरिएको छ । त्यस्तै अर्घाखाँची, काठमाडौँ र कपिलबस्तु जिल्लाका जम्मा २ वटा विद्यालयको कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारामका अधारमा विद्यालयमा कक्षा-५ मा कथा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधि र क्रियाकलापको चर्चा गरिएको छ ।

शोधार्थी देवीदत्त पौडेल (२०६०) ले कक्षा-८ मा ‘कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन’ शीर्षकमा कक्षा-८ मा कथा शिक्षण गर्दा शिक्षकले प्रयोग गर्ने शैक्षणिक विधिहरूको सर्वेक्षण गर्ने, अनुदान प्राप्त र निजी तथा आवासीय विद्यालयमा कथा शिक्षण गर्दा प्रयोग हुने विधिहरूको तुलनात्मक अध्ययन गर्ने, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले अपनाएका विधिहरूको तुलनात्मक अध्ययन गर्ने र ग्रामीण र सहरीया विद्यालयका शिक्षकहरूले अपनाउने शिक्षण विधिहरू बीचको तुलनात्मक अध्ययन गर्ने मूल उद्देश्य राखी गरिएको अनुसन्धानमा निजी विद्यालयका शिक्षकहरूले भन्दा अनुदान प्राप्त विद्यालयका शिक्षकले शैक्षिक

योजना निर्माण गरेको कुरा उल्लेख छ भने शैक्षणिक कार्यकलापमा निजी विद्यालय अगाडि रहेको पाइयो र शैक्षिक सामग्री तालिम प्राप्त शिक्षकले बढी प्रयोग गरेको उल्लेख छ । ग्रामीण र सहरी दुवै क्षेत्रका शिक्षकहरूले कथा शिक्षणमा अपनाउनु पर्ने सम्पूर्ण क्रियाकलापहरू नगरेको निष्कर्ष उक्त अनुसन्धानमा रहेको छ ।

शोधार्थी गोपाल बुढाथोकी (२०६२) ले तयार पारेको 'कक्षा-७ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शीर्षकको शोधपत्रमा कविता शिक्षणमा कुन-कुन शिक्षण विधि प्रयोग गरिएका थिए भन्ने जाँच गर्नका लागि तयार बनाएका कक्षा अवलोकन फारम र प्रश्नावलीमा शिक्षण विधिको उल्लेख गरिएको पाइन्छ । त्यस्तै उनले सरकारी र निजी विद्यालयका गरेका शिक्षण विधिहरूको तुलनात्मक अध्ययन गरेको पाइयो ।

## १.६ अध्ययनको औचित्य

साहित्यका विभिन्न विधाहरू मध्ये कथा ज्यादै लोकप्रिय र अति प्रचलित विधा हो । कथाले जीवन र जगतका बाह्य तथा आन्तरिक पक्षहरूसँग परिचित गराउनुका साथै साहित्यको आस्वादन पनि गराउँदछ । यति मात्र नभएर कथा शिक्षणबाट भाषा परिष्कार, स्वस्थ्य मनोरञ्जन, विषयबोध, अभिरुचि सम्बर्धन र विश्लेषण प्रतिभाको विकास गर्न गराउन सहयोग पुग्ने हुँदा कथा शिक्षणको महत्त्व रहेको हुन्छ ।

१.६.१ कक्षा-९ मा कथा शिक्षणको उपयुक्तता पत्ता लगाउन यो अध्ययनको विधि औचित्य रहेको छ ।

१.६.२ तह वा स्तरअनुसार कथा शिक्षण कसरी गर्ने भन्ने विषयमा यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

१.६.३ विद्यार्थीहरूलाई साहित्यको आस्वादन गराई जीवन जगतप्रति सचेत गराउन कथा शिक्षणको तौरतरिकाका निम्ति पनि यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

१.६.४ यसको अध्ययनले विद्यार्थी, शिक्षक, लेखक, सम्पादक र अनुसन्धान कर्तालाई सहयोग पुग्छ ।

## १.७ सीमाङ्कन

प्रस्तुत शोधकार्यका सीमाहरू निम्नानुसार रहेका छन् :

१.७.१ यस सोधकार्यले कक्षा-९ मा कथा शिक्षण गर्दा प्रयुक्त विधिहरूको मात्र अध्ययन गर्दछ ।

१.७.२ यस अध्ययनको कक्षा-९ मा कथा शिक्षणका क्रममा प्रयुक्त विधिहरूको उपयुक्तता र त्रुटिहरूको मात्र अध्ययन गर्दछ ।

१.७.३ यो अध्ययन इलाम र पाँचथर जिल्लाका सरकारी र निजी गरी १० वटा विद्यालयहरूमा अध्यापनरत १० जना नेपाली शिक्षकहरूको कक्षावलोकन र अन्तरवार्तामा सीमित रहेको छ ।

## १.८ शोध विधि

यस शोध विधिलाई पूरा गर्न निम्न विधिहरू प्रयोग गरिएका छन् :

### १.८.१ सामग्री सङ्कलन विधि

यो अध्ययन मूलतः कक्षा अवलोकन विधिमा केन्द्रित रहनुका साथै आंशिक रूपमा पुस्तकालयीय विधिमा सीमित रहेको छ ।

### १.८.२ जनसंख्या तथा नमुना छनोट

प्रस्तुत शोधकार्यका लागि इलाम र पाँचथर जिल्लाका विद्यालयहरूमध्येबाट ५ वटा सरकारी विद्यालय र ५ वटा निजी विद्यालयमा शिक्षण गर्ने १० जना नेपाली शिक्षकहरू यस शोधकार्यको प्रतिनिधि जनसंख्या रहेका छन् ।

### १.८.३ सामग्री सङ्कलनका स्रोतहरू:-

#### १.८.३.१ प्राथमिक स्रोत:-

इलाम र पाँचथर जिल्लाका प्रतिनिधि विद्यालयका शिक्षकहरू र अन्तरवार्ता ।

#### १.८.३.२ द्वितीय स्रोत:-

पाठ्यपुस्तक र अप्रकाशित शोधपत्रहरू ।

# अध्याय : दुई
# कथा विधाको सैद्धान्तिक परिचय

## २.१ परिचय

मानवीय सभ्यताको उषाकालीन यामसँगै कथाको जन्म हुन पुगेको कुरामा अधिकांश साहित्यिक विज्ञहरूले स्वीकृति जनाएका छन् । सभ्यताको पहिलो बिहानीमा विनाबन्धन स्वच्छन्द पन्छीसरि उत्मुक्त रहेको अवस्थामा मानिसले एक आपसमा आफ्ना मनका हर्ष-पीडा, दुःख, दर्द आदिलाई अभिव्यक्त गर्ने क्रममा कथाको प्रादुर्भाव भएकाले यसको परम्परा प्रचीनतम रहेको कुरा पुष्टि हुन्छ । पूर्वीय एवम् पाश्चात्य साहित्य परम्परामा कथाको लामो परम्परा रहे पनि यसले सैद्धान्तिक मान्यता भने १९ औं शताब्दीमा पाश्चात्य जगत्मा प्राप्त गरेको हो भन्ने विद्वान्हरूको अभिमत रहेको पाइन्छ ।

संस्कृत भाषाको कथ् (कथने) धातुमा अङ् (अ) प्रत्ययबाट निष्पन्न 'कथ' मा टाप (आ) प्रत्यय लागेर कथा शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ केही कुरा भन्नु वा कहनु हो । संस्कृत साहित्यमा कथालाई कथागाथा, आख्यान, आख्यायिका भन्ने गरिन्थ्यो भने अङ्ग्रेजी साहित्यमा स्टोरी ,टेल, फेबुल, र अन्त्यमा सर्ट स्टोरी भन्न थालियो । यसैगरी कथालाई हिन्दीमा कहानी, बङ्गालीमा गल्प र नेपालीमा कथाकुथुङ्ग्री आहान आदि संज्ञा दिएको पाइन्छ । वास्तवमा गद्य भाषाको किस्सा तथा पात्रप्रधान वा कथात्मक निबन्धको सामन्जस्यताबाट आधुनिक कथा विधाको जन्म भएको हो । साहित्यका विभिन्न विधाबाट गुण र स्वभावलाई ग्रहण गर्दै एउटा छुट्टै विधाको रूपमा आफूलाई परिचित गर्न सफल कथा विधाले अति छिटो जनमानसमा गहकिलो प्रभाव छोड्न सफल भएको पाइन्छ । समयको बहावसँग अनुकुलित र परिवर्तित रूपमा देखापर्ने कथाले वर्तमान समयसम्म आइपुग्दा साहित्यका अन्य विधाभन्दा गरिमामय तथा लोकप्रिय विधाको रूपमा आफूलाई परिभाषित गरेको छ, (भण्डारी र अन्य २०६४: ४) ।

## २.२ कथाका तत्त्वहरू

कथाका तत्त्वलाई कथाका उपकरण पनि भनिन्छ । कथाका तत्त्वहरू निम्नलिखित छन् :

### २.२.१ कथानक :

कथामा घटना, स्थिति अवस्था वा प्रसङ्गहरूको योजना अथवा ढाँचालाई कथानक भनिन्छ । कथानकमा घटनाहरूको विन्यास कालक्रमिक सम्वन्धका आधारमा होइन कार्यकारण सम्वन्धका आधारमा हुन्छ । कथानकको प्रधानता भएको कथालाई घटनाप्रधान कथा भनिन्छ । प्रारम्भिक कथाहरूमा यस तत्त्वलाई कथाको आत्मा मानेर बढी महत्त्व दिइए तापनि अचेल यसलाई कथाको शरीर मानी त्यति महत्त्व दिइदैन । विषयका आधारमा कथानक सामाजिक, धार्मिक, पौराणिक, ऐतिहासिक, यथार्थवादी आदि विभिन्न प्रकारका हुन्छन्, (शर्मा र लुइँटेल, २०५५:२-३)

### २.२.२ चरित्र वा पात्र

कथामा सहभागिका रूपमा देखिने व्यक्तिहरूलाई चरित्र वा पात्र भनिन्छ । कथामा व्यक्तिहरूलाई देखाउने ढङ्गलाई चरित्रचित्रण भनिन्छ । चरित्रको प्रधानता हुने कथालाई चरित्रप्रधान कथा भनिन्छ । वर्तमान कथाहरूमा चरित्रचित्रणलाई आत्मा मानी सबैभन्दा महत्त्वपूर्ण तत्त्व ठानिन्छ । चरित्रहरूलाई लिङ्गका आधारमा स्त्री र पुरुष ; कर्मका आधारमा प्रमुख, सहायक र गौण ; प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल ; स्वभावका आधारमा गतिशील र गतिहीन ; जीवन चेतनाका आधारमा वर्गगत र व्यक्तिगत आदि विविध प्रकारमा बाँडिन्छ ।

### २.२.३ परिवेश

कथामा पात्रहरूले कार्य गर्ने र घटनाहरू घट्ने समय र ठाउँलाई परिवेश भनिन्छ । यस अन्तर्गत समयविशेष वा स्थानविशेषको चालचलन रीतिस्थिति, आचार, व्यवहार, भेषभुषा, सोचाइ, अनुभव, रहनसहन आदि पनि पर्दछन् । कथामा उपयुक्त कुराहरू बढी र महत्त्वपूर्ण भएका छन् भने स्थानीय रङ्गको सिर्जना हुन्छ र कथा आञ्चलिक बन्छ ।

### २.२.४ उद्देश्य

जुन प्रयोजनका लागि कथा लेखिएको हुन्छ त्यस प्रयोजनलाई उद्देश्य भनिन्छ । कथाका मुख्य उद्देश्य वा प्रयोजन शिक्षा दिनु, आनन्द दिनु, मनोरञ्जन गर्नु, यथार्थ प्रकट गर्नु आदि हुन् । वर्तमान कथाहरूको प्रमुख उद्देश्य जीवनका कुनै विशेष दशा (यथार्थ) को चित्रण गर्नु हो ।

### २.२.५ भाषा

कथालाई प्रस्तुत गर्ने माध्यमलाई भाषा भनिन्छ ।कथाका निम्ति यो नभई नहुने तत्त्व हो कथा गद्य भाषामा लेखिन्छ । यसमा क्लिष्ट र दुरुह होइन, सरल र सहज भाषाको प्रयोग गरिनु पर्छ । कथाको भाषा बोलचालका भाषाको निकट हुनु राम्रो ठानिन्छ ।

### २.२.६ शैली

कथाकारको अभिव्यक्ति गर्ने ढङ्गलाई शैली भनिन्छ । भाषिक एकाइहरूको विशिष्ट र सौन्दर्यपरक प्रयोग हुँदा शैलीको जन्म हुन्छ । यस तत्त्वले कथालाई विशिष्ट रचना तुल्याउँछ । कथामा मुख्यतः वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग गरिन्छ ।

### २.२.७ दृष्टि विन्दु

कथाको उपस्थापनालाई दृष्टिविन्दु भनिन्छ । अर्को शब्दमा कुन कथा कसको आख्यान हो र त्यसलाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिविन्दु हो । दृष्टिविन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारको हुन्छ । म हामी आदि पात्र हुँदा प्रथम पुरुष दृष्टिविन्दु हुन्छ र ऊ,त्यो, उनी, यिनी वा कुनै व्यक्तिवाचक नाम पात्र हुँदा तृतीय पुरुष दृष्टिविन्दु हुन्छ । कथामा मुख्यतः प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिन्छ ।

प्रारम्भिक कथाहरूसँग उपयुर्क्त सबै तत्त्वहरूको अनिवार्य प्रयोग पाइए पनि आधुनिक कथाहरूमा यी सवैको अनिवार्य प्रयोग नभएको पनि पाइन्छ ।

## २.३ कथाको वर्गीकरण

कथाहरूको प्रकार छुट्ट्याउने आधार जम्मा दुई छन् :

### २.४.१ रुचिक्षेत्र

क) सामाजिक कथा

ख) मनोवैज्ञानिक कथा

ग) प्रगतिवादी कथा

घ) अस्तित्त्ववादी कथा

**क) सामाजिक कथा :**

यस्तो कथामा समाजका मूल्य र मान्यता प्रस्तुत गर्ने क्रममा कथाकारले सामाजिक खराबी वा विकृतिहरूको समस्यागत दुष्परिणामहरूको आलोचना गर्ने काम गर्दछ । कथाकारले समाजको पर्यवेक्षण गरेर त्यहाँ देखिएका कमजोरीहरूको उल्लेख गर्नुका साथै मार्गदर्शन गर्ने कामहरू पनि गरिरहेको हुन्छ । यस्तो समाजको प्रतिविम्ब झल्केको कथालाई नै सामाजिक कथा भनिन्छ ।

**ख) मनोवैज्ञानिक कथा :**

यस्तो कथामा कथाकारले विभिन्न अवस्था र सामान्य वा असामान्य अवस्थाका पात्रहरूको मनोलोकका यथार्थको उद्घाटन गर्ने काम गर्दछ र खास गरीकन फ्रायडवादको प्रभावबाट लेखिएका कथाहरूमा यौनका विविध पक्षको चित्रण गरिएको हुन्छ । इद, अहम् र पराअहमसँग सम्बद्ध चेतन र अचेतन मनवीचको द्वन्दलाई प्रस्तुत गर्दै यस्ता कथाहरूमा यौनको दमित रूपमा निस्कने समस्या वा विकृतिहरूलाई दर्साइएको हुन्छ । यस दृष्टिले मानिसको मनोजगत भित्रका विभिन्न गतिविधिलाई उद्घाटन गर्ने कथालाई नै मनोवैज्ञानिक कथा भनिन्छ ।

**ग) प्रगतिवादी कथा :**

यस्तो कथामा समाजको आर्थिक नियतत्त्ववाद नै मुख्य आधार बनेको हुन्छ । कथाकारले समाजमा भएको सामन्ती मनोवृत्तिको घोर विरोध गर्दै शोषणमा आधारित समाजव्यवस्थालाई आमूल नष्ट पार्ने उद्देश्य लिएको हुन्छ । त्यसैले यस्ता प्रगतिवादी कथाकारहरूमा समाजका बहुसङ्ख्यक गरिब अर्थात् सर्वहारावर्गप्रति अत्यन्त सहानुभूतिशील बन्दै शोषणवर्गको घोर विरोध गरिएको हुन्छ ।

**घ) अस्तित्त्ववादी कथा :**

अस्तित्त्ववादी कथामा वर्तमान मानवजीवनका विसङ्गति वा निस्सारताबारे चिन्तन गरिएको हुन्छ । जीवनको निराशावादी पक्षको पृष्ठभूमिमा मानिसका जिजीविषा, बाध्यता, सङ्घर्षशीलता र अन्तमा पराजयको तीतो स्थितिलाई कथाकाहरूले मुख्य विषयका रूपमा लिएका हुन्छन् । आफ्नो अस्तित्त्वको रक्षाका निमित्त सदा सचेत मानिसको आन्तरिक कुण्ठा वा निराशालाई विसङ्गतिवादीको पृष्ठभूमिमा देखाइएको हुन्छ । यसरी जेजस्तो रूपमा भए पनि जीवनलाई स्वीकार्न बाध्य भएको पराजित मानिसको कथालाई नै अस्तित्त्ववादी कथा भनिन्छ ।

**२.३.२ रीतिक्षेत्र :**

रीतिक्षेत्रको आधारमा कथाको वर्गीकरण गर्दा कथामा प्रयुक्त रीति वा प्रणालीलाई ध्यान राखिन्छ । एउटै विषयको कथालाई विभिन्न रीति वा प्रणालीमा लेख्न सकिन्छ । यस दृष्टिले कथाका प्रकारहरूलाई यसरी पनि निर्धाण गर्न सकिन्छ :

क) यथार्थवादी कथा

ख) स्वच्छन्दतावादी कथा

ग) घटनाप्रधान

घ) चरित्रचित्रणप्रधान

ङ) विचारप्रधान

च) प्रयोगवादी

**क) यथार्थवादी :**

यस रीतिअनुसार लेखिएका कथाहरूमा आदर्शवाद, भावुकता तथा आत्मपरक दृष्टिलाई बर्जित गरी वस्तुपरक दृष्टिलाई स्वीकार गरिएको हुन्छ । यस्ता कथा वा कथामा कथावस्तु र पात्रलाई सामाजिक सत्यसँगसँगै राखेर वस्तुतथ्यमा जोड दिइएको हुन्छ । यस्ता कथाको भाषामा पनि प्रत्यक्ष शैली अँगालिन्छ ।

**ख) स्वच्छन्दतावादी कथा :**

यथार्थवादी कथाको ठीक विपरीत यास्ता कथाहरूमा आदर्शवाद, भावुकता र आत्मपरक सौन्दर्यभावलाई अधिकाधिक महत्त्व दिइएको हुन्छ । कल्पना र सपनाको संसारमा पाठकलाई विचरण गराउँदै भावुकतापूर्ण अभिव्यक्तिको स्वाद चखाउने लक्ष्य कथाकारले राखेको हुन्छ ।

**ग) घटनाप्रधान :**

कथाको प्रत्येक संरचनान्मक एकाइमा द्वन्द्व तथा क्रियाव्यापार अथवा पात्र र घटनाको अन्योन्य क्रिया भई घटनाको क्रमिक विकास चरमोत्कर्षतिर हुने प्रक्रिया रहने भएकाले कुनै-कुनै कथामा क्रियाव्यापारको अनुक्रम र कथावस्तुको अनुक्रमबीच कलात्मक सम्बन्ध स्थापना भएको हुन्छ । दृश्यविधानको बाहुल्य हुनु यस्तो खाले कथाको मौलिक स्वरूप हो ।

**घ) चरित्रचित्रण प्रधान :**

कथा भनेको मानव जिवनकै यथार्थको प्रतिच्छवि भएको हुँदा प्रत्येक संरचनात्मक एकाइ (अर्थात दृश्यविधान) मा कथाकारले पात्रविधान प्रायोजित गरेको हुन्छ । कथामा कुनै पात्रको चरित्रलाई उजिल्याउने उद्देश्यतर्फ कथाकार मोडिएको खण्डमा त्यस्तो कथालाई चरित्रचित्रण प्रधान कथा भनिन्छ ।

**ङ) विचारप्रधान :**

कथा एउटा बौद्धिक उन्मिलन अभिव्यक्ति पनि हो । चेतनशील कथाकारले जीवन, समाज, राष्ट्र एवम् सम्पूर्ण विश्वलाई आलोचनात्मक दृष्टिकोणले हेरेर आफ्नो विचार व्यक्त गरिरहेको हुन्छ , तर  कथाको नाममा उसले 'सम्पादकीय' वा 'लेख' नलेखेर कलात्मक कथा नै लेख्दछ । यसका लागि उसले आफ्ना विचारलाई एउटा संरचनाभित्र समाहित गरी यसलाई नाटकीकरण गर्दछ । भावुकता शून्य गहन चिन्तनमा आधारित जटिल प्रकारको कथावस्तु हुनु विचारप्रधान कथाको मूल स्वरूप हो ।

**च) प्रगतिवादी :**

परम्परागत लेखनको पूरै विपरित नयाँ रूपाकृतिमा शिल्पगत चमत्मकार प्रदर्शन गर्ने उद्देश्यले लेखिएको कथा 'प्रयोगवादी' कहलिन्छ । यस्तो कथामा संवादैसंवादको बाहुल्य पनि हुन सक्तछ, पद्यांशमिश्रित गद्य भाषा पनि हुन सक्तछ, अमूर्त अभिव्यक्तिको आग्रह पनि हुन सक्तछ, अथवा परम्परागत व्यकरणका नियमलाई भाँची पृथक भाषाको प्रयोग पनि हुन सक्तछ ।

# अध्याय : तीन
# भाषा शिक्षणमा साहित्यको उपयोगिता

## ३.१ भाषा शिक्षणमा साहित्यको उपयोग

भाषा मानवीय विचार विनिमयको साधन हो । भाषा मानवको निजी सम्पति पनि हो । जीवन, जगतका अनुभव र अनुभूतिहरू भाषाकै माध्यमबाट पुस्तापुस्तामा हस्तान्तरित हुन्छन् । साहित्य भाषाको विशिष्ट रूप हो । सामान्य भाषा जब साहित्यमा प्रयोग गरिन्छ त्यसले विभिन्न युक्तिका साथ विशिष्टता प्राप्त गरेको हुन्छ । अतः भाषा शिक्षणमा पनि साहित्यको उपयोग निकै महत्त्वपूर्ण र प्रभावकारी मानिन्छ ।

भाषा शिक्षण गर्नु भनेको भााषाका वारेमा शिक्षण गर्नु नभई भाषिक सीपको शिक्षण हो । भाषाका आधारभूत सीपहरू चार प्रकारका छन् सुनाइ, बोलाइ, पढाइ र लेखाइ यी चारै सीपको विकास गर्न भाषा शिक्षणको मूल प्रयोजन हो । यसका साथै भाषा शिक्षणमा भाषातत्त्व र शब्दभण्डार शिक्षण तथा बोध र अभिव्यक्तिको पक्ष पनि महत्त्वपूर्ण मानिन्छ । यी विविध पक्षको शिक्षण गर्न साहित्यको उपयोग गरिन्छ । पठन क्षमताको विकास भाषा शिक्षणको एउटा प्रमुख अपेक्षा त हुँदै हो, साथै यसका माध्यमबाट प्राप्त हुने भाषिक अनुभवहरू अझ महत्त्वपूर्ण हुन्छन् । साहित्यिक सामग्रीहरूमा विद्यार्थीहरूको अभिरूचि बढ्दै गएमा उनीहरू त्यस्ता सामग्री खोजी खोजी पढ्ने हुन्छन् । फलस्वरूप उनीहरूको बोध क्षमता पनि बढ्दै जाने हुन्छ र शब्दभण्डारको समेत वृद्धि हुन्छ । उनीहरू विभिन्न विधा उपविधा तथा शैली एवम् प्रस्तुतीकरण परिचित हुन थाल्छन् । लेख्य अभिव्यक्तिको महत्त्व बढी भएमा भाषामा अझ साहित्यिक सामग्रीहरूको उपयोगिता बढी नै हुने हुन्छ । सामान्यत साहित्य स्तरीय भाषामा लेखिने हुँदा भाषिक उपभाषिकगत पृष्ठभूमि भएका शिक्षार्थीहरूका लागि भाषिक अनुभवलाई स्तरीयता दिनसमेत यो लाभप्रद हुन सक्छ ।

माथिका उद्धरणबाट भाषा शिक्षणका लागि साहित्यले आधार प्रदान गर्छ भन्ने कुरा बुझिन्छ । भाषा सिकाउनु र साहित्य सिकाउनुमा प्रयोजन र प्रक्रिया दुबै दृष्टिले भिन्नता छ, तर यी दुवै

निरपेक्ष रूपमा मात्रै रहन्छ भन्ने चाहिँ होइन । भाषिक दक्षता हासिल गरेको व्यक्तिले साहित्य पनि सहजरूपमा सिक्न सक्छ भने साहित्यमा दखल राख्नेले भाषिक क्षमताका पनि विशेष दक्षता राख्दछ । अतः यी दुवैलाई एक अर्काका परिपूरकका रूपमा पनि हेर्न सकिन्छ । साहित्यिक सामग्रीका विषयवस्तु भाव, शैली, शिल्प आदिको व्याख्या विश्लेषण, चरित्र, घटना, द्वन्द्व, परिवेशको विश्लेषण मात्र भाषा शिक्षणका लागि पर्याप्त हुँदैन, (अधिकारी, २०५९ :१०७) ।

साहित्यिक सामग्रीबाट भाषा शिक्षण गर्ने हो भने उक्त किसिमका पाठबाट पाठको प्रवृत्ति हेरी पठनबोधको अभ्यास, वाक्य संश्लेषण, सरांश, सङ्क्षेपीकरण, स्पष्टीकरण जस्ता अभ्यासमा जोड दिनुपर्ने हुन्छ । यस्ता अभ्यासहरूमा विचार पक्षभन्दा भाषाको सीप तथा संरचना पक्ष बढी महत्त्वपूर्ण हुन्छ ।

उल्लिखित सन्दर्भबाट भाषा शिक्षक सीपपरक, संरचनात्मक पक्षमा बढी केन्द्रित एवम् बोध र अभिव्यक्तिमा केन्द्रित हुने र साहित्यको उपयोग यसका लागि बढी रोचक प्रभावकारी र महत्त्वपूर्ण हुने कुरा प्रष्ट हुन्छ ।

भाषा शिक्षण र साहित्य शिक्षणका सन्दर्भमा शर्मा र पौडेलले पनि महत्त्वपूर्ण दृष्टिकोण प्रस्तुत गरेका छन् :

भाषा शिक्षणमा झैँ साहित्य शिक्षणमा पनि अध्यापन निरन्तर परिवर्तन अपेक्षित हुन्छ । आवश्यक भाषिक सीप र दक्षता प्राप्त गरी जीवनका विविध क्षेत्रमा कार्य गरेर जीवीका चलाउन सक्षम तुल्याउन भाषा शिक्षणको उद्देश्य हो । साहित्य शिक्षणबाट अभिव्यक्ति सामर्थ्य, बोधक्षमता, लेखन कला र शब्दभण्डारमा निकै वृद्धि हुन्छ । भाषा शिक्षणबाट बोल्ने तरिका, अनुवाद कला, प्रतिवेदन लेखन शिक्षण जस्ता कुराहरूमा सीप आर्जन गरेर कुशल वक्ता, रिपोर्टर, शिक्षक, वकिल आदि बन्न सक्दछन् ।

साहित्य शिक्षणमा साहित्यका उच्चतम विकसित विचारहरूलाई जोड दिइन्छ । यिनको सम्बन्ध संवेगसँग हुन्छ । भाषा शिक्षणमा संरचनात्मक अवयवहरू आमसंरचनाका रूपमा र वाह्य संरचनाका रूपमा रहन्छन् ।

भाषा ज्ञानविना साहित्य ज्ञान निस्फल र दुर्लभ छ त्यसैले साहित्य सिकाइका लागि भाषा सिकाइ आवश्यक छ, (शर्मा र पौड्याल, २०६०: १७८-१७९) ।

माथिका उद्धरणबाट भाषा शिक्षण र साहित्य शिक्षणका मूलभूत प्रयोजन र प्रक्रिया फरक फरक हुने भए पनि ती दुवै एक अर्काका लागि उपयोगी हुन्छन् भन्ने स्पष्ट हुन्छ ।

## ३.२ विधा शिक्षण

साहित्यका कविता, कथा, निबन्ध, रूपक, उपन्यास आदि विविध विधाहरू छन् । ती हरेक विधाहरूको आ-आफ्नो वैशिष्ट्य हुन्छ । कविता काव्यात्मक, लयात्मक, हुनु कथा आख्यानात्मक हुनु, निबन्ध वैचारिकताले ओजपूर्ण हुनु, रूपक अभिनेतायत्मक हुनु तथा उपन्यासमा चरित्रको आख्यानीकरणको माध्यमबाट प्रस्तुति हुनु विधागत वैशिष्ट्य हुन् । अतः भाषा शिक्षणका सन्दर्भमा साहित्यका विधाहरूको शिक्षण प्रक्रिया र प्रयोजन पनि फरक फरक प्रकृतिको हुनु स्वाभाविकै हो । तीमध्ये माध्यमिक तहको नेपाली भाषाको पाठ्यक्रममा विधाको क्षेत्र र क्रमलाई स्पष्ट किटानीका साथ प्रस्तुत गरिएको छ । त्यसका साथै विधा शिक्षणका प्रक्रिया, क्रियाकलाप नयाँ प्रयोजनलाई पनि सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ । माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रममा निम्नलिखित विधाहरू समावेश गरिएका छन् :

१. निबन्ध

२. कथा

३. जीवनी

४.चिठी

५. रूपक

६. दैनिकी

७. कविता

भाषा शिक्षणमा साहित्यक विधाको उपयोग भाषिक सीप, भाषातत्त्व, शब्दभण्डार बोध तथा अभिव्यक्तिको शिक्षणका लागि पनि उपयोग गरिएको हुन्छ । त्यसका साथै सिर्जनात्मक लेखनको विकास गराउने अभिप्राय पनि राखिएको हुन्छ ।

भाषातत्त्व अन्तर्गत १. पदसङ्गति २. काल र पक्ष ३. भाव ४. वाक्य ५. कारक र विभक्ति ६. शब्दवर्ग ७. धातु ८. वाक्य संश्लेषण र विश्लेषण ९. चिन्ह प्रयोग १०. शब्दनिर्माण ११. हिज्जे (वर्णविन्यास) लाई समावेश गरिएको छ । उल्लिखित शीर्षक अन्तर्गतका भेद उपभेदको समेत जानकारी दिने र भाषिक दक्षता अभिवृद्धि गराउने अभिप्राय राखिएको छ । शब्दभण्डार अन्तर्गत पाठमा प्रयुक्त र पाठ बाहिरका संस्कृत तथा विभिन्न स्रोतका शब्दभण्डार शिक्षण गर्नेगरी क्षेत्र तोकिएको छ । तीमध्येः १. पर्यायवाची शब्द, २. विपरीतार्थक शब्द, ३. अनुकरणात्मक शब्द ४. श्रृतिसमभिन्नार्थ शब्द, ५. अनेकार्थक शब्द, ६. लघुतावाचक शब्द,
७. सिङ्गो शब्द ८. सङ्क्षिप्त शब्द ९. परिभाषिक शब्द , १०. उखान र टुक्का समावेश गरिएको छ ।

भाषिक कुशलताको विकास गराउनका लागि भाषाका सीपहरूलाई नै आधार मानिन्छ । सीपगत दक्षताको विकासका निम्ति विधागत रूपमा छनोट गरिएका सामग्रीबाट पाठ्यवस्तुको चयन गरिन्छ । निर्दिष्ट भाषिक उद्देश्यका लागि विधागत पाठ र पाठ्यवस्तुको छनोटले सघाउ पुऱ्याउँछ, (लम्साल र अन्य, २०५४: ग-ङ) ।

उल्लिखित सन्र्भबाट के स्पष्ट हुन्छ भने भाषा शिक्षणका सन्र्भमा साहित्यिक विधा (पाठ) हरूको उपयोग साधनका रूपमा मात्र हुन्छ । साध्यका रूपमा भने भाषिक सीपहरूको शिक्षक र भाषातत्त्वगत ज्ञान एवम् शब्दभण्डार प्रयोग क्षमताको अभिवृद्धि गर्नु रहेको हुन्छ ।

## ३.३ कथा शिक्षण

कथा निकै लोकप्रिय विधा मानिन्छ । विद्यालयीय नेपाली विषयको पाठ्यक्रममा पनि कथा विधालाई महत्त्वपूर्ण स्थान दिइएको छ । तीमध्ये लोककथा, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथा गरी यस विधाको क्षेत्र निर्धारण गरिएको छ ।

लोकपरम्परादेखि वर्तमानसम्म आइपुग्दा पनि कथाको लोकप्रियता धेरै रहेको छ । अतः भाषा शिक्षणमा कथा विधाको उपयोग सान्दर्भिक ठानिन्छ । साहित्यिक आस्वादनका हिसाबले पनि कथा उपयोगी हुन्छ भन्ने व्याकरण, शब्दभण्डार, बोध तथा अभिव्यक्ति र सिर्जनात्मक लेखनका दृष्टिले पनि कथा विधा निकै उपयोगी मानिन्छ ।

### ३.३.१ कथा शिक्षणको प्रयोजन

भाषा शिक्षणमा विधा शिक्षणको उपयोग साधनका रूपमा मात्र गरिन्छ र भाषिक सीप शिक्षण नै साध्य हुन्छ । त्यसै क्रममा कथाको प्रयोग पनि भाषिक सीप विकासको साधन वा माध्यमका रूपमा गरिएको हुन्छ । कथा शिक्षणको प्रयोजन विद्यार्थीहरूमा स्पष्ट एवम् क्रमिकरूपले घटनाक्रम मिलान गर्न सक्ने, विचार गर्न सक्ने, कथा बोधबाट उत्पन्न हुन सक्ने संवेगात्मक अनुभूति, कल्पना शत्तिको विकास गर्नु हो । यसका अतिरिक्त विद्यार्थीमा विभिन्न विषय ज्ञान तथा प्रयोग गर्ने सुझावको विकास गर्नु पनि हो । (लम्साल र अन्य, २०५४: ङ) ।

कथा शिक्षणको प्रयोग गर्दा पाठ्यवस्तुको चयनले पनि निकै महत्त्व राखेको हुन्छ । विविध भाषिक ज्ञान, सीप, व्यावहारिक लेखन तथा बोध र अभिव्यक्ति सीप एवंम सिर्जनात्मक लेखनको विकास गर्ने प्रयोजनका निम्ति पनि कथा विधाको पाठबाट पाठ्यवस्तु चयन गर्न सकिन्छ । यसै सन्दर्भमा नेपाली विषयको शिक्षक निर्देशिकामा पाठ्यवस्तु छनोट निम्न लिखित आयामहरूलाई निर्देश गरिएको छ : १. सस्वरवाचन र शुद्धोच्चारण २. शब्दार्थ र वाक्यमा प्रयोग ३. सारांश कथन र लेखन ४. विषयवस्तु सम्बन्धी छलफल र प्रश्नोत्तर ५. घटना वर्णन र कथा लेखन ६. सम्बद्ध व्याकरण तथा शब्दभण्डारको अध्यास (लम्साल र अन्य, २०५७: ६५) ।

पाठ्यक्रम सम्बद्ध शिक्षणले मूल्याङ्कनसँग पनि नजिकको सम्बन्ध राख्दछ । एस.एल.सी. तहको परिवर्तित विशिष्टीकरण तालिकालाई हेर्ने हो भने कथा विधा शिक्षण गर्दा ध्यान दिनुपर्ने मूल्याङ्कनीय पक्षको बोध हुन्छ । विवेचनात्मक उत्तर, पाठगत सङ्क्षिप्त प्रश्नोत्तर, सप्रसङ्ग व्याख्या, समस्यामूलक तार्किक लेखन, कथा वा जीवनी लेखन एवम् शब्दार्थ, वाक्यमा प्रयोग, व्याकरण र शब्दभण्डार लेखन जस्ता पक्षमा कथा विधाबाट प्रश्नहरू सोध्न सकिने भएकाले पनि कथा शिक्षणको प्रयोजनमा ती पक्षलाई छुट्ट्याउन सकिँदैन । यसका साथै जीवन-जगतका बाह्य एवम् आन्तरिक पक्षको बोध गराउनु, साहित्यिक आस्वादन प्रदान गर्नु, नैतिक उपदेश दिनु, चरित्र निर्माणमा सघाउनु र सिर्जना शक्ति बढाउनु पनि कथा शिक्षणको प्रयोजन हो (शर्मा र पौडेल, २०६०: १९८) ।

### ३.३.२ कथा शिक्षण विधि

कथा शिक्षणलाई उद्देश्य अनुरूप रोचक र प्रभावकारी गराउन विविध विधिहरूको उपयोग गर्न सकिन्छ । एउटै कक्षामा पनि पाठगत प्रस्तुतिका क्रममा विविध विधिहरूको युक्तिपूर्वक उपयोग गर्नु सान्दर्भिक मानिन्छ । वर्णनात्मक, व्याख्यात्मक, प्रश्नोत्तर, छलफल, अभिनेयात्मक आदि विधि कथा शिक्षणमा बहु उपयोगी मानिन्छन् । कक्षाको स्तर तथा पाठ्यवस्तुको छनोटका आधारमा पनि शिक्षण विधिहरूको प्रयोग फरक फरक ढङ्गले गर्न सकिन्छ । यसै सन्दर्भमा कथा (उपन्यास समेत) शिक्षणका विधिहरूलाई शर्मा र पौडेल (२०६०: १९८-२००) ले निम्न लिखित विधिहरूको चर्चा गरेका छन् :

**क) व्याख्यान विधि**

यस विधिलाई परम्परागत विधि मानिन्छ । कथा तत्त्वका आधारमा पाठको व्याख्या गर्ने प्रक्रिया यसमा अवलम्बन गरिन्छ । यस विधिमा शिक्षकको केन्द्रीय भूमिका रहन्छ ।

**ख) छलफल/प्रश्नोत्तर विधि**

यस विधिमा शिक्षक/विद्यार्थी दुवैमा सक्रियता रहन्छ । शिक्षकले विद्यार्थीहरूलाई समूहगत विभाजन गरी छलफल गराएर आफूले निरीक्षक र सहजकर्ताको भूमिका निर्वाह गर्न पनि

सक्छन् । यो विधि बढी रोचक र प्रभावकारी पनि मानिन्छ । विद्यार्थीहरू सक्रिय सहभागी भई आफैले नयाँ नयाँ कुरा पत्ता लगाउने, सोच्ने ज्ञान तथा समझको विकासमा प्रश्नोत्तर/छलफल विधि उपयोगी मानिन्छ ।

**ग) तुलना विधि**

यो विधि उच्च शिक्षामा बढी उपयोगी मानिन्छ । लेखनका अन्य कथासँग वा अन्य लेखकका उस्तै प्रकृतिका कथासँग तुलना गरी विषयवस्तु, चरित्र, विचार, परिवेश आदिको तुलना गरी निष्कर्ष निकाल्ने काम यस विधिमा गर्न सकिन्छ । खास गरी विद्यालय तहमा कथा शिक्षण गर्दा पूर्वज्ञानका आधारमा आंशिक रूपमा तुलना विधि प्रयोग गर्नु सान्दर्भिक हुन्छ । अर्थात् एउटै कक्षामा पढिने अन्यकथासँग तुलना गरी समानता र भिन्नता केलाउन अभिप्रेरित गर्नु उपयुक्त मानिन्छ ।

**घ) समीक्षा विधि**

यो विधि पनि उच्च तहमा बढी उपयोगी हुन्छ । यस विधिमा विविध कोणवाट कृतिलाई हेरी गुण दोष तथा शक्ति र सीमाको निर्धारण गरिन्छ । यसमा पनि विद्यार्थी सक्रियता कम र शिक्षको सक्रियता बढी हुन्छ । यस्तो विधिको प्रयोग गर्दा समूहगत रूपमा गराउदा बढी प्रभावकारी हुन्छ ।

**ङ) प्रतिवेदन प्रस्तुति विधि**

यस विधिको प्रयोग पनि उच्च तहका लागि बढी उपयोगी मानिन्छ । शिक्षकले आफूले कुनै एक पक्षमा केन्द्रित भएर उदाहरण वा नमुना देखाउने. र विद्याथीहरूलाई समूहगत रूपमा खोज तथा विश्लेषण र मूल्याङ्कन समेत गर्न लगाई त्यसलाई प्रतिवेदनका रूपमा प्रस्तुत गर्न लगाउन सकिन्छ । यस सन्दर्भमा कृतिको कलापक्ष र भावपक्ष दुवैमा ध्यान पुर्‍याउनु पर्ने हुन्छ । यसरी तयार पारिएको प्रतिवेदनलाई कक्षामा प्रस्तुत गर्न लगाई टीका टीप्पणी गर्ने/गराउने गर्नु पर्दछ, यसबाट शिक्षार्थीमा शोध प्रक्रियाको जानकारी प्राप्त हुन्छ ।

**(च) पठनबोध विधि**

निर्दिष्ट कथा पढ्न लगाई सारांश बताउन, लेखन घटनाक्रम मिलाउन, विशिष्ट पङ्क्तिको व्याख्या गर्न तथा शब्दभण्डार सम्बन्धी प्रश्नोत्तर गराइ विद्यार्थीको पठनबोध क्षमताको विकास र परीक्षण गर्न सकिने हुँदा यो विधि सबै तहका लागि उपयोगी मानिन्छ तर कक्षागत तह र स्तर हेरी प्रश्नको स्तर र स्वरूपलाई भने सापेक्षिक बनाउनुपर्ने हुन्छ ।

**छ) लेख प्रस्तुतीकरण विधि**

यस विधिअनुसार कक्षामा सम्बन्धित पाठको व्याख्या विश्लेषण गरिसकेपछि विद्यार्थीहरूलाई कुनै एक पक्षमा केन्द्रित रही छुट्टाछुट्टै लेख तयार गर्न लगाइन्छ । यस्ता लेखलाई (प्रतिनिधिमूलक वा पूरै) कक्षामा प्रस्तुत गर्न लगाइ अन्य विद्यार्थीबाट टीका टिप्पणी गर्न लगाई अन्त्यमा शिक्षकले आवश्यक परिमार्जनका लागि सुझावहरू दिनुपर्दछ ।

उल्लिखित विधिहरूको उपयोग विभिन्न तहका लागि कक्षा शिक्षण गर्ने सन्दर्भमा प्रयोग गर्न सकिन्छ । यी बाहेक अन्य विधिहरूको समेत सान्दर्भिक ढङ्गले प्रयोग गर्न सकिन्छ । अतः यी विधिहरू नै पूर्ण भने होइनन् ।

# अध्याय चार

# कथा शिक्षणमा प्रयुक्त विधिहरूको विश्लेषण (व्याख्या तथा विश्लेषण)

## ४.१ कक्षा अवलोकन र प्रश्नावलीको सन्दर्भ

प्रस्तुत शोधकार्यका लागि शोध प्रस्तावमा निर्दिष्ट उद्देश्य पूर्तिका लागि शोध विधिको स्पष्ट उल्लेख गरिएको छ । पहिलो परिच्छेद (शोध परिचय) को १.८ मा यो अध्ययन मूलतः कक्षा अवलोकन विधिमा केन्द्रित रहने कुरा स्पष्ट उल्लेख गरिएको छ । त्यसै अनुरूप जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनौटका लागि सामुदायिक (सरकारी) विद्यालयबाट पाँच र संस्थागत (निजी) विद्यालयबाट पाँच विद्यालय गरी जम्मा दश विद्यालयलाई आधार बनाइ कक्षा -९ मा कथा शिक्षण क्रियाकलापको प्रत्यक्ष अवलोकन र प्रश्नावली शोधार्थी स्वयम्बाट गरिएको थियो । कक्षा अवलोकनका बारेमा निजीतर्फका १ र सरकारीतर्फका २ विद्यालयलाई पूर्व जानकारी दिइएको थिएन भने अन्य सबैलाई पूर्व जानकारी दिइएको थियो । यस क्रममा अवलोकित कक्षाका तथ्यहरूलाई टिपोट पत्र (अवलोकन फारम) मा सूक्ष्म रूपमा टिपोट गरिएको थियो । २०६८/१०/९ गते देखि २०६८/११/२ गते सम्म इलाम र पाँचथर जिल्लाका विभिन्न १० विद्यालयमा कक्षा अवलोकन र प्रश्नावलीबाट प्राप्त तथ्यका आधारमा कक्षा ९ मा कथा शिक्षण गर्दा प्रयुक्त विधिहरूको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ । कक्षा अवलोकनका लागि चयन गरिएका विद्यालयसम्बन्धी विस्तृत विवरण परिशिष्टमा समावेश गरिएको छ ।

## ४.२ कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू

माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रममा कथा विधालाई महत्त्वका साथ प्रस्तुत गरिएको छ । त्यसै क्रममा कथा विधाको क्षेत्र र क्रम पनि स्पष्ट पारिएको छ । कथा विधाको क्षेत्र निम्नानुसार निर्धारण गरिएको छ :

| विधा | क्षेत्र |
|---|---|
| कथा | लोक कथा |
| | ऐतिहासिक कथा |
| | पौराणिक कथा |
| | आधुनिक कथा |

पाठ्यक्रममा निर्दिष्ट कथाका उल्लिखित क्षेत्रमध्ये कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा जम्मा तीनवटा कथाहरू समावेश गरिएको छ :

१. शिशिर र वसन्तको कथा लोककथा

२. भविष्य निर्माण आधुनिक कथा

३. खड्गबहादुर ऐतिहासिक कथा

## ४.३ सामुदायिक (सरकारी) विद्यालयका शिक्षकहरूले कक्षा ९ मा कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरूको अध्ययन र विश्लेषण

### ४.३.१ कक्षा अवलोकन प्रक्रिया र तथ्यको तालिकीकरण

यस शोधकार्यका लागि इलामका दुई र पाँचथर जिल्लाका तीनवटा सरकारी विद्यालयलाई स्वेच्छिक नमुना छनोट गरी कक्षा अवलोकन गरिएको थियो । त्यसै क्रममा परिशिष्टमा उल्लिखित विवरणकै क्रममा विद्यालयलाई सङ्केत नम्बर दिई अवलोकित कक्षाका विधिहरूका बारेमा टिपोट गरिएको थियो विद्यालय तथा शिक्षकलाई कुनै पनि प्रकारले वैयक्तिक प्रभाव नपार्ने किसिमले तथ्यको वितरणबाट टाढा रहन सहयोग पुगेको थियो । कक्षा अवलोकन र प्रश्नावलीको तथ्यलाई केलाउँदा विभिन्न सङ्केतअनुसारका विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरूलाई निम्नानुसार तालिकीकरण गरिएको छ :

## तालिका नं. १

## प्रयोग गरिएका विधिहरू


| वि.स. | प्रयोग गरेका विधिहरू | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्याख्यान | छलफल | प्रश्नोत्तर | प्रदर्शन | समीक्षा | तुलना | पठनबोध | प्रतिवेदन प्रस्तुति | लेख प्रस्तुति | अभिनय | कथाकथन | उपलब्धि | कैफियत |
| १ | √ | √ | √ | × | × | × | √ | × | × | √ | √ | ८०% | पूसून |
| २ | √ | √ | √ | × | × | × | √ | × | × | √ | √ | ६०% | पूसून |
| ३ | √ | √ | √ | × | × | × | × | × | × | √ | × | ७०% | पूसूदि |
| ४ | √ | | √ | × | × | × | √ | × | × | √ | √ | ५१% | पूसूदि |
| ५ | √ | √ | √ | √ | × | × | √ | × | × | √ | √ | ८५% | पूसूदि |
| | १००% | ८०% | १००% | २०% | | | ८०% | | | १००% | ८०% | | पूसूदि |

*स्रोतः कक्षा अवलोकन र प्रश्नावली फारम*

कथा शिक्षणमा प्रयुक्त विधिरूको तालिकालाई निम्नअनुसारको स्तम्भ रेखाचित्रबाट अझ प्रस्ट बुझ्न सकिन्छ :

**स्तम्भ आरेख नं. १**

**कथा शिक्षणमा प्रयोग गरिएका विधिहरुको स्थिति र उपलब्धि**





कक्षा अवलोकनका क्रममा कक्षा ९ मा शिक्षण गरेका प्रतिनिधि सरकारी विद्यालयका शिक्षकहरूले जम्माजम्मी ७ प्रकारका विधिहरू प्रयोग गरेको पाइयो । तीमध्ये कथाका बारेमा व्याख्या गर्ने व्याख्यान (प्रवचन) विधिलाई प्रयोग गरेको पाइयो । त्यसैगरी अवलोक्रि कक्षाका सबै शिक्षकले व्याख्यान विधिलाई नै बढी प्रयोग गरेको पाइयो । त्यसैगरी प्रश्नोत्तर अभिनय विधिलाई पनि बढी नै प्रयोग पाइयो छलफल, पठनवोध र कथाकथन विधिलाई भने माथि उल्लिखित विधिभन्दा केही कम प्रयोग गरेका पाइयो । पाठलाई विभिन्न दृष्टिकोणले समीक्षा गर्ने समीक्षा विधिको प्रयोग गर्ने शिक्षकहरू एकै जना पनि देखिएन । समीक्षा विधिलाई प्रयोगकै नगरिएको पाइयो । कथा शिक्षणका अरू विधिहरू तुलना, समीक्षा, प्रतिवेदन, लेख प्रस्तुति आदि पनि ज्यादै महत्त्वपूर्ण विधि हुँदाहुँदै पनि यी विधिहरूको प्रयोग कसैले पनि गरेको   देखिएन ।

अरू विधिलाई जस्तै यी विधिहरूलाई पनि प्रयोग गर्न सकिन्छ । कक्षा ९ मा कथा शिक्षण गर्दा प्रयोग गरिएका विधिहरूलाई वृत्तचित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**चित्र नं. १**

**कथा शिक्षण विधिहरूका स्थिति**




उक्त वृत्तरेखाबाट कथा शिक्षणमा प्रयोग गरिएका विधिहरूको स्थितिलाई प्रष्ट बुभ्न सकिन्छ । व्याख्यान प्रश्नोत्तर र अभिनय विधिको सर्वाधिक प्रयोग गरिएको र पठनबोध, छलफल कथाकथन यी तीन विधि पनि बढी नै प्रयोग भएको देखिन्छ भने प्रदर्शन विधि ज्यादै न्यूनतम रूपमा प्रयोग गरिएको पाइयो । त्यसैगरी कथा शिक्षणका अन्य विधिहरू प्रयोगमा नै नआएको कुरा माथिको वृत्तचित्रबाट प्रष्ट बुभ्न सकिन्छ ।

## ४.३.२ कथा शिक्षणमा प्रयोग गरिएका विधिहरूको प्रभावकारिताको विश्लेषण

शिक्षणको प्रभावकारिता मापन गर्ने भरपर्दो माध्यम विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण हो । कक्षा अवलोकनका क्रममा शोधार्थीबाट शिक्षकले कक्षा शिक्षण क्रियाकलाप गरिसकेपछि विद्यार्थीको मूल्याङ्कन गरिएका कक्षाहरूमा उनीहरूको सही जवाफ पनि टिपोट र मूल्याङ्कन गरिएको थियो । सबै कक्षामा गरिएको विद्यार्थी मूल्याङ्कनको तथ्यलाई यहाँ विश्लेषण सहित प्रस्तुत गरिएको छ :

माथि तालिका नं. १ मा उल्लेख गरिएका सङ्केत नं. १ का शिक्षकले जम्मा ६ प्रकारका विधिहरूको प्रयोग गरेको पाइयो । ती विधिहरू हुन् - व्याख्यान, छलफल,प्रश्नोत्तर, पठनबोध, अभिनय र कथाकथन । यसरी शिक्षण गर्दा ८०% विद्यार्थीहरूले मूल्याङ्कनमा सही प्रतिक्रिया देखाएका थिए र यी विधिहरूको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरू बढी सक्रिय देखिएका थिए । विद्यार्थी बढी नै भए पनि विद्यार्थी सहभागिता धेरै राम्रो थियो । शिक्षण विधि र विद्यार्थीको सक्रियताले गर्दा उपलब्धि राम्रै देखियो । यसरी कथा शिक्षण विधिहरूमध्ये केही विधिलाई मात्र  प्रयोग गर्दा पनि शिक्षण प्रभावकारी नै हुने यस कक्षा अवलोकनले देखायो । पूर्वसूचना विहीन अवलोकन गरिएको शिक्षकले कक्षा ९ को 'खड्गबहादुर' कथा पढाएका थिए । तालिका नं. १ को सङ्केत नं. २ का शिक्षकले पनि खड्गबहादुर कथा नै शिक्षण गरेका थिए र पूर्वसूचना पश्चात् कक्षा अवलोकन गरिएको उक्त कक्षामा शिक्षण सुरुवातको प्रस्तुतीकरण विद्यार्थीलाई प्रभाव पर्ने किसिमले गरेको पाइयो । ३२ जना मात्र विद्यार्थी रहेको उक्त कक्षामा कथाशिक्षण गर्दा व्याख्यान, छलफल, कथाकथन पठनबोध र अभिनयजस्ता विधिहरू प्रयोग गरेको पाइयो । अरु विधिभन्दा व्याख्यान विधिलाई बढी जोड दिँदै शिक्षकले आफ्नो मात्र एकोहोरो सक्रियता देखाएको पाइयो । प्रश्नोत्तर विधिको प्रयोग गरिए पनि पृष्ठपोषणको भने अभाव देखियो । त्यस्तै जब खड्गबहादुरले युवतीको पत्र पाउँछ त्यसपछि उनी (खड्गबहादुर) द्विविधामा परेको (घटनालाई) कुरालाई अभिनयात्मक ढङ्गले प्रस्तुत गर्दा कक्षामा केहीबेर उल्लासमय वातावरण देखियो ।

उक्त कक्षा शिक्षणपछि गरिएको विद्यार्थी मूल्याङ्कनमा थोरै विद्यार्थी भएपनि उपलब्धि न्यून मात्र पाइयो । अर्थात् प्रश्नोत्तर माध्यमबाट गरिएको मूल्याङ्कनमा थोरै विद्यार्थीले मात्र सही जवाफ दिन सके ।

तालिका नं. १ को सङ्केत नं. ३ शिक्षकले शिक्षण गरेको कक्षाको ७०% उपलब्धि पाइयो । उनले व्याख्यान,छलफल,प्रश्नोत्तर र आंशिक रूपमा अभिनय विधि प्रयोग गरेका थिए शिक्षण क्रियाकलाप बढी व्याख्यान भए पनि प्रश्नोत्तरको माध्यमबाट विद्यार्थीलाई सक्रिय बनाएको पाइयो । प्रश्नोत्तरमा शिक्षकले पृष्ठपोषण बढी दिएको पाइयो । दैनिक प्रयोगका सामग्री बाहेक अन्य सामग्रीको प्रयोग देखिएन । शिक्षण पश्चात गरिएको मूल्याङ्कन सन्तोषजनक नै पाइएकाले शिक्षण विधिको पर्याप्त प्रयोग नगराए पनि शिक्षण प्रभावकारी नै रहेको पाइयो । उक्त शिक्षकले 'भविष्य निर्माण' कथा शिक्षण गरेका थिए । बाबु कृष्णबहादुरको कुरा सुनिसकेपछि नरेशले बन्दुकको निसान लगाउँदै ठूलो भएपछि जर्मनहरूलाई मार्छु भनेको अभिनयात्मक प्रस्तुति रोचक बनेको थियो ।

सङ्केत नं. ४ का शिक्षकबाट खड्गबहादुर कथा शिक्षण गरेका थिए । उनको शिक्षणमा व्याख्यान, पठनबोध, प्रश्नोत्तर विधिको मात्र प्रयोग गरिएको थियो । छलफल अभिनय जस्ता विधिको प्रयोग नगरिएको कक्षा शिक्षणको उपलब्धि ५०% देखियो । कक्षा शिक्षण भइरहेको अवस्थामा विद्यार्थी सहभागिता राम्रै  रहेको थियो । समग्रमा हेर्दा शिक्षण क्रियाकलाप ठीकै रहेको पाइए तापनि उपलब्धि अघिल्लो अवलोक्रि विद्यालयको तुलनामा कमै पाइयो । यसबाट शिक्षण विधिको विविधतामा केही कम भएको महसुस गरियो । पूर्वसूचना नदिई कक्षा अवलोकन गरियो ।

तालिका नं. १ को सङ्केत नं. ५ का शिक्षकले शिशिर र वसन्तको कथा शिक्षण गरेका थिए । त्यस क्रममा उनले व्याख्यान, छलफल प्रदर्शन, प्रश्नोत्तर, अभिनय, कथाकथन आदि विधिको प्रयोग गरेको पाइयो । कथा शिक्षण गरिरहँदा अन्य विधिभन्दा प्रदर्शनलाई विशेष जोड दिइएको साथै विद्यार्थीहरू प्रदर्शनप्रति बढी आकर्षित देखिएका थिए । प्रदर्शन विधिप्रति आकर्षित हुनु

भनेको केटाकेटीहरू विशेष गरी चित्र, तस्विर अथवा अन्य सामग्रीप्रति झुकाव राख्नु हो भन्ने कुराको पुष्टि यही कथा शिक्षणले गरेको थियो । उक्त सङ्केतका शिक्षकले आकर्षक तरिकाले पाठ र शिक्षण क्रियाकलापसँग सम्बन्धित शिक्षकले आकर्षक तरिकाले पाठ र शिक्षण क्रियाकलापसँग सम्बन्धित शैक्षिक सामग्रीको प्रयोग गरेको पाइयो । पाठको तयारी विशेष तरिकाले राम्रो ढङ्गले, मिहिनेत गरेरै गरेको पाइयो । कथावस्तुअनुसार शिशिर र वसन्तलाई राजारानीले दुर्व्यव्यवहार गरेको र जङ्गलमा काट्नका लागि लगिँदा ती बालकहरूको दयनीय अवस्था, वसन्तले एक्लै घनघोर जङ्गलमा बिताएको रातको कारुणिक अवस्था आदिलाई चित्रहरूबाट आकर्षक तरिकाले देखाइएको थिया । त्यसका साथै अभिनयात्मक ढङ्गले शिक्षक र विद्यार्थीको सहधागिताकले कथा शिक्षण रोचक बनेको पाइयो । कथा शिक्षणपछि गरिएको विद्यार्थी मूल्याङ्कनमा ८५% विद्यार्थीले सही जवाफ दिएका थिए । जसलाई तालिकाद्वारा पनि देखाउन सकिन्छ :

**तालिका नं. २**

**सामुदायिक विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधि र उपलब्धि**

| विद्यालय. सङ्केत नं. | विधिहरू | उपलब्धि |
|---|---|---|
| १ | व्याख्यान, छलफल,प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन | ८०% |
| २ | व्याख्या, छलफल, प्रश्नोत्तर, अभिनय, कथाकथन | ६०% |
| ३ | व्याख्या, छलफल, प्रश्नोत्तर, अभिनय | ७०% |
| ४ | व्याख्या, प्रश्नत्तोर, पठनबोध, कथाकथन, अभिनय | ५१% |
| ५ | व्याख्यान, प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन, छलफल, प्रदर्शन | ८५% |

## ४.३.४ सामुदायिक विद्यालयका शिक्षकहरूले अपनाएका विधिहरू र उपलब्धिको तुलनात्मक अध्ययन

तालिका नं. १ मा तालिकीकरण गरिएको विद्यालय र उक्त विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा के-कस्ता विधिहरू प्रयोग गरेका थिए र विद्यार्थी उपलब्धि के-कस्तो भयो भन्ने

जानकारी उक्त तालिकाबाट र तालिकाअनुसार गरिएको विश्लेषणले प्रष्ट भए तापनि तिनीहरू बीचका तुलनात्मक अध्ययनले अझ सूक्ष्म रूपमा समानता-भिन्नता र प्रभावकारी अप्रभावकारिताको मूल्याङ्कन सहित समस्या समाधानमा समेत यसले मद्दत गर्ने भएकाले यहाँ कथा शिक्षणमा प्रयोग गरेका विधिहरू र उपलब्धिको तुलनात्मक अध्ययन गर्न आवश्यक देखिन्छ ।

उल्लिखित तालिका नं. १ अनुसार सङ्केत नं. १ का शिक्षकले जम्मा ६ वटा (व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन ) विधिहरू प्रयोग गरी कथा (खड्गबहादुर) शिक्षण गर्दा विद्यार्थी उपलब्धि ८०% राम्रै रहेको थियो । त्यसैगरी सङ्केत नं. २ का शिक्षकले उही विधि उही कथा शिक्षण गरे पनि उपलब्धि ६०% मात्र देखियो । सङ्केत नं. २ का शिक्षकलाई पूर्वजानकारी सहित नै कथा अवलोकन गरिएको थियो तर ८०% उपलब्धि आएको विद्यालयका शिक्षकलाई पूर्वसूचना पनि दिइएको थिएन ।

यी दुई शिक्षण विधिको उपलब्धि फरक हुन भनेको शैक्षिक सामग्री प्रयोग पनि हुन सक्छ किनकि सङ्केत नं. १ का शिक्षकले बोधप्रश्न सूची प्रयोग गरी प्रश्नोत्तर गरेका थिए भने सङ्केत नं. २ का शिक्षक बोधपश्न सूची प्रयोग गरेका थिएनन् । त्यसैगरी एउटै शिक्षण विधि प्रयोग गर्दा उस्ता-उस्तै नतिजा आउँछ भन्ने हुदैन । शिक्षण विधि प्रस्तुत गर्ने शैली, शिक्षक विद्यार्थी बीचको सम्बन्ध, आदि कुराले पनि प्रभाव पर्न सक्दछ । विद्यार्थी संख्याले पनि शिक्षण र उपलब्धिमा प्रभाव पार्दछ अर्थात् थौरै  विद्यार्थी संख्या भएमा शिक्षण बढी उपलब्धिमूलक हुन्छ भन्ने मान्यताको विपरित सङ्केत नं. २ देखियो । जहाँ ८७ जना विद्यार्थी हुँदा ८०% उपलब्धि देखियो भने ३२ जना विद्यार्थीमा ६०% मात्र देखियो । ६०% मात्र उपलब्धि हुनु प्रयुक्त शिक्षण विधिमध्ये अरु विधिभन्दा बढी व्याख्यान विधिलाई जोड दिनु एक प्रमुख कारण हो भन्न सकिन्छ । विद्यार्थीको क्षमताअनुसार अन्य विधिलाई पनि विशेष जोड दिनुपर्ने हुन्छ ।

तालिका नं. १ लाई हेर्दा सबैभन्दा न्यूनतम उपलब्धि ५१% रहेको छ । सङ्केत नं. ४ का उक्त शिक्षकले पूर्वसूचना विहीन खड्गबहादुर कथा शिक्षण गरेका थिए । व्याख्यान, प्रश्नोत्तर,

पठनबोध र कथाकथन गरी चार शिक्षण विधि मात्र प्रयोग गरिएबाट शिक्षण विधिको विविधतामा कमी भएको भन्न सकिन्छ । अरु सङ्केतका (१,३,४,२) शिक्षकहरूलाई जस्तै छलफल, अभिनय, प्रदर्शन आदि जस्ता विधिहरू प्रयोग गरेको भए उपलब्धि स्तर बढ्न सक्ने थियो भन्ने तथ्यले देखाउछ । सङ्केत नं. १ र सङ्केत नं. ५ ले शैक्षिक सामग्रीको प्रयोग गरेको हुँदा उपलब्धि तुलनात्मक रूपमा उच्च देखिएको पुष्टि हुन जान्छ ।

विद्यार्थी उपलब्धिलाई आधार मानेर गरिएको उक्त तुलनात्मक अध्ययनअनुसार सङ्केत नं. १ का शिक्षक र सङ्केत नं. ५ का शिक्षकले ६, ६ वटा शिक्षक विधिको प्रयोग गरी सङ्केत नं. १ का शिक्षकले विनासूचना खड्गबहादुर कथा शिक्षण गर्दा विद्यार्थी उपलब्धि ८०% देखियो । सङ्केत नं. २ का शिक्षकले पूर्वसूचना सहित शिशिर र वसन्तको कथा (दोऱ्याएको) शिक्षण गर्दा ८५% उपलब्धि देखिएको थियो । शिक्षण विधिको संख्या समान भएपनि सङ्केत नं. ५ का शिक्षकले पठनबोधको सट्टामा प्रदर्शन विधिको प्रयोग गरेर बढी उपलब्धि हासिल गरेको कुरा स्पष्ट बुझ्न सकिन्छ । पाठ दोऱ्याएर शिक्षण गर्दा मात्र ७०% उपलब्धि देखियो । यसरी उपलब्धि कम देखिनुमा शिक्षण विधिको विविधतामा कम र प्रदर्शन विधिलाई प्रयोग नगर्नु नै कारक तत्त्व हो भन्न सकिन्छ ।

यी माथिका तथ्यहरूबाट कक्षाको आकार, शिक्षकको व्यक्तिगत प्रभाव तथा शिक्षण विधिको विविधता वा शिक्षण विधिको समानुपातिक प्रयोग आदि विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडिएको हुन्छन् भन्ने कुरा पुष्टि हुन आउछ ।

माथि वर्णन गरिएका तथ्यलाई तालिकाका माध्यमबाट सङ्क्षेपमा बुझ्न सकिन्छ :

## तालिका नं. ३

## सामुदायिक विद्यालयका शिक्षकहरूको कक्षावलोकनबाट प्राप्त तथ्याङ्क

| सि.नं. | प्रयोग गरिएका विधिहरू | पाठ | शै.सामग्री | वि.संख्या | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन | खड्गबहादुर | बोधप्रश्न सूची | ८७ | ८०% | पूर्वसूचना नदिइएको |
| २ | व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन | खड्गबहादुर | दैनिक प्रयोगका सामग्री मात्र | ३२ | ६०% | पूर्वसूचना नदिइएको |
| ३ | व्याख्यान, छलफल, प्रश्नोत्तर, अभिनय | निर्माण भविष्य | दैनिक प्रयोगका सामग्री मात्र | ६६ | ७०% | पूर्वसूचना दिइएको |
| ४ | व्याख्यान, प्रश्नोत्तर, पठनबोध, कथाकथन | खड्गबहादुर | दैनिक प्रयोगका सामग्री मात्र | ४५ | ५१% | पूर्वसूचना दिइएको |
| ५ | व्याख्या, प्रश्नोत्तर, पठनबोध, अभिनय, प्रदर्शन, कथाकथन, छलफल | शिशिर र वसन्तको कथा | पाठसँग सम्बन्धी चित्रहरू | ६१ | ८५% | पूर्वसूचना दिइएको |

तालिका नं. २ बाट सङ्केत नं. अनुसारका विद्यालयका शिक्षकले कथा शिक्षणमा प्रयोग गरेका विधिहरू, शिक्षण गरेको पाठ, प्रयोग गरेका शैक्षिक सामग्री, विद्यार्थी सङ्ख्या, उपलब्धि स्तर आदिलाई स्पष्ट बुझ्न सकिन्छ । कथा शिक्षणमा कुनै पनि शिक्षकले पाठ्यवस्तु उल्लेख नगरी पाठ मात्र उल्लेख गरेकाले यहाँ पनि पाठ्यवस्तुलाई देखाइएको छैन पाठ मात्र प्रस्तुत गरिएको छ ।

## ४.४ संस्थागत (निजी) विद्यालयका शिक्षकहरूले कक्षा ९ मा कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरूको अध्ययन र विश्लेषण

### ४.४.१ प्राप्त तथ्यको तालिकीकरण

यस शोधकार्यका लागि सामुदायिक विद्यालयमा जस्तै संस्थागत विद्यालयतर्फ पनि पाँचथर र इलाम जिल्लाका पाँचओटा विद्यालयहरूलाई नमुनाका रूपमा स्वेच्छिक छनौट गरिएको थियो । सरकारी विद्यालयमा जस्तै यसतर्फ पनि एउटा विद्यालयमा पूर्वसूचना नदिई कक्षा अवलोकन गरिएको थियो । कक्षा अवलोकनका क्रममा विद्यालयलाई सङ्केत नम्बर दिई शिक्षणका क्रममा प्राप्त तथ्यहरूलाई कक्षा अवलोकन फारममा टिपोट गरिएको थियो । त्यसैगरी कक्षा शिक्षणका क्रममा शिक्षकको मूल्याङ्कनलाई आधार मानी सही उत्तर दिने विद्यार्थीको सङ्ख्याको आधारमा विद्यार्थी उपलब्धिलाई प्रतिशतमा प्रस्तुत गरिएको थियो । यसरी प्राप्त तथ्यलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४**

**संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरू र उपलब्धि**

| वि.सं. | | प्रयोग गरेका विधिहरू | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्याख्यान | छलफल | प्रश्नोत्तर | तुलना | समीक्षा | पठनबोध | प्रतिवेदन प्रस्तुति | अभिनय | लेख प्रस्तुति | कथाकथन | प्रदर्शन | उपलब्धि | कैफियत |
| ६ | √ | × | × | × | × | × | × | × | × | √ | × | ४२% | पूसून |
| ७ | √ | √ | √ | × | × | √ | × | × | × | × | × | ५६% | पूसूदि |
| ८ | √ | √ | √ | × | × | √ | × | × | × | × | × | ८०% | पूसूदि |
| ९ | √ | × | × | × | × | × | × | √ | × | √ | × | ५४% | पूसूदि |
| १० | √ | × | √ | × | × | √ | × | × | × | × | × | ७०% | पूसूदि |
| | १००% | ४०% | ६०% | - | - | ६०% | - | २०% | - | ४०% | - | - | पूसूदि |


### ४.४.२ तालिकीकरणको वर्णन र स्पष्टीकरण

तालिका नं. ४ मा प्रतिनिधि संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरूलाई कक्षा अवलोकन र प्रश्नावली (मुख्य गरी कथा अवलोकन ) का आधारमा प्रस्तुत गरिएको छ । यसरी गर्दा कथा शिक्षण  विधिहरूमध्ये ६ प्रकारका विधिलाई शिक्षकहरूले कथा शिक्षणमा प्रयोग गरेको देखियो । ती विधिहरू हुन् व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, अभिनय र कथाकथन विधि । ती विधिहरूमध्ये व्याख्यान विधि शतप्रतिशत शिक्षकहरूले प्रयोग गरेको पाइयो भने तुलना, समीक्षा, प्रतिवेदन प्रस्तुति, लेख प्रस्तुति र प्रदर्शन विधि कुनै पनि शिक्षकले प्रयोग गरेको पाइएन । प्रश्नोत्तर विधिको प्रयोग ६०% शिक्षकहरूबाट गरिएको पाइयो भने छलफल,पठनबोध र कथाकथन विधि ४० प्रतिशत शिक्षकहरूले प्रयोग गरेको पाइयो । अभिनय विधि प्रयोग गरिएको विधिहरूमध्ये सबैभन्दा कम २०% शिक्षकले मात्र शिक्षणमा प्रयोग गरेको पाइयो ।

कक्षा ९ मा कथा शिक्षण गर्दा प्रतिनिधि संस्थागत विद्यालयका शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई तलको स्तम्भ रेखाचित्रबाट अझ प्रष्ट बुझ्न सकिन्छ ।

**स्तम्भ आरेख.२**

**संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरू र उपलब्धि स्तर**





माथिको स्तम्भ रेखाचित्र हेर्दा सबैभन्दा बढी प्रयोग गरिएको विधि व्याख्यान विधि हो भन्ने प्रष्ट देखिन्छ । त्यसैगरी प्रश्नोत्तर विधिलाई दोस्रो स्तरमा प्रयोग गरिएको देखिन्छ । छलफल, पठनबोध र कथाकथन तेस्रो स्थानमा देखिन्छन् भने सबैभन्दा कम प्रयोग गरिएको विधि अभिनय रहेछ भन्ने प्रष्ट बुझिन्छ ।

सामुदायिक विद्यालयको जस्तै संस्थागत विद्यालयको तथ्याङ्कले पनि समीक्षा, तुलना, प्रतिवेदन प्रस्तुति र लेख प्रस्तति विधि प्रयोगको शून्य स्थिति अर्थात् ती सबै विधिको प्रयोग नगरिएको भन्ने स्पष्ट देखिन्छ । यसै तथ्यलाई वृत्तचित्रबाट झनै प्रष्ट बुझिन्छ ।

**चित्र २**

**संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरू**




### ४.४.३ कथा शिक्षणमा प्रयोग गरिएका विधिहरूको प्रभावकारिताको विश्लेषण

कथा शिक्षणमा प्रतिनिधि संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरू, पाठ, विद्यार्थी संख्या र उपलब्धि आदिको विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. - ५**

**संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधि, शिक्षण गरेका पाठ, शैक्षिक सामग्री विद्यार्थी संख्या उपलब्धि**

| वि. संकेत | प्रयोग गरेका विधिहरू | पाठ | विद्यार्थी संख्या | उपलब्धि | उपलब्धि |
|---|---|---|---|---|---|
| ६ | व्याख्यान , कथाकथन | शिशिर र वसन्तको कथा | १९ | ४२% | पूर्वसूचना नदिएको |
| ७ | व्याख्यान, प्रश्नोत्तर, छलफल | खड्गबहादुर | १७ | ५७% | पूर्वसूचना दिइएको |
| ८. | व्याख्यान, प्रश्नोत्तर, छलफल, पठनबोध | शिशिर र वसन्तको कथा | ३३ | ८०% | पूर्वसूचना दिइएको |
| ९. | व्याख्यान, अभिनय, कथाकथन | भविष्य निर्माण | २१ | ५४% | पूर्वसूचना दिइएको |
| १० | पठनबोध, प्रश्नोत्तर र व्याख्यान | भविष्य निर्माण | २५ | ७०% | पूर्वसूचना दिइएको |

तालिका नं. ४ मा संस्थागत विद्यालयका शिक्षकहरूले शिक्षण गर्दा प्रयोग गरेका विधि तथा उपलब्धि समेतका विवरण प्रस्तुत गरिएको छ । सङ्केत नं. ६ का शिक्षकले दुई प्रकारका शिक्षण विधिको मात्र प्रयोग गरेका थिए । पूर्वसूचना नदिई अवलोकन गरिएको उक्त कक्षामा जम्मा १९ जना विद्यार्थीहरू उपस्थिति थिए । विधिहरूको विविधीकरण नभएकै कारण पाठ

दोहोऱ्याउँदा समेत पनि उपलब्धि न्यूनतम ४२% मात्र देखियो । शिशिर र वसन्तको कथा शिक्षणमा उक्त सङ्केत नं. ६ का शिक्षकले शिक्षक केन्द्रित विधिलाई विशेष प्राथमिकता दिएको कुरा अवलोक्रि कक्षा शिक्षणबाट प्रष्ट देखिन्थ्यो । त्यसैकारण विद्यार्थी बढी सक्रिय नभएको मुख्य कारक तत्त्व शिक्षण विधिको कम प्रयोग नै भन्ने उक्त कक्षाका विद्यार्थी उपलब्धिले संङ्केत गर्दछ । साथै मूल्याङ्कनमा विद्यार्थीका स्तरअनुसार प्रश्न नसोधिएको हो कि भन्ने महशुस गरियो । त्यसैले सही उत्तर दिने विद्यार्थीको संख्या कमी देखियो । त्यसैले कक्षा शिक्षणलाई उपलब्धिमूलक प्रभावकारी बनाउन शिक्षण विधिको विविधतालाई ध्यान दिनुपर्ने देखिन्छ ।

सङ्केत नं. ७ का शिक्षकले अध्यापन गरेको कक्षाको उपलब्धि स्तर ५७% रहेको पाइयो । जम्मा १७ जना विद्यार्थी रहेको उक्त कक्षामा उनले खड्बहादुर कथा शिक्षण गरेका थिए । तीनवटा मात्र शिक्षण विधिको प्रयोग गरी शिक्षण गरिएको अवलोकित कक्षाको उपलब्धि स्तर कमै ५७% भएको पाइयो । पूर्वसूचना दिई गरिएको कक्षा अवलोकन भएपनि शिक्षण विधिको विविधता पाठयोजना, शैक्षिक सामग्री आदि कुराहरूको प्रयोग नगरिएको पाइयो । यस कुराले के बुझिन्छ भने शिक्षण प्रभावकारी नहुनुमा आफ्नो जिम्मेवारीप्रति शिक्षकहरू बढी सजक नहुनु हो भन्ने प्रष्ट देखिन्छ ।

अर्का शिक्षक संङ्केत नं. ८ का शिक्षकलाई पनि पूर्वसूचना दिई कक्षा अवलोकन गरिएको थियो । उनले केही बढी विधिलाई प्रयोग गरेको पाइयो । ३३ जना विद्यार्थी संख्या भएको उक्त कक्षामा शिशिर र वसन्तको कथा शिक्षण गरी गरिएको विद्यार्थी मूल्याङ्कन उपलब्धि ८०% उच्चस्तरकै देखियो । सङ्केत नं. ८ का शिक्षकले शिक्षण विधिको विविधतालाई प्रयोग नगरेपनि शिक्षणको प्रस्तुति ज्यादै राम्रो देखियो । विद्यार्थीहरूको सक्रिय सहभागिता रहेकै कारण अर्थात् थोरै विधि नै भएपनि प्रयोग प्रक्रिया साथै शिक्षकको व्यक्तिगत कुराहरूले शिक्षण प्रभावकारी रहेको हो भन्न सकिन्छ । यस तथ्यले शिक्षण विधिहरूकै विविधता हुनै पर्छ भन्ने अनिवार्यतालाई महत्त्व दिदैन । यति कुरा जति सक्दो विद्यार्थी केन्द्रित विधिहरू प्रश्नोत्तर, पठनबोध, छलफल) आदिलाई प्रयोग गर्नै पर्दछ ।

संङ्केत नं. ९ का शिक्षकलाई पनि पूर्वसूचना दिई कक्षा अवलोकन साथै अन्तरवार्ता लिइएको थियो । उनले व्याख्यान, अभिनय र कथाकथन तीन वटा मात्रै विधिहरू प्रयोग गरेका थिए । कथा शिक्षण पछि गरिएको मूल्याङ्कन हेर्दा शिक्षण खासै प्रभावकारी नभएको पाइयो । २१ जना विद्यार्थी रहेको उक्त कक्षामा 'भविष्य निर्माण' बाल मनोवैज्ञानिक कथा शिक्षण गरेका थिए भने विद्यार्थी उपलब्धि ५४% मात्र देखियो । विषयवस्तुको प्रशस्त ज्ञान भएपनि उक्त शिक्षकले व्याख्यान र कथाकथन विधिलाई नै बढी प्रयोग गरेकाले शिक्षण सन्तोषजनक नभएको देखिन्छ । यी विधिहरूबाहेक पठनबोध र प्रश्नोत्तर विधिलाई समेत प्रयोग गरेका भए विद्यार्थी बढी सहभागी भई शिक्षण प्रभावकारी हुन सक्ने अनुमान गर्न सकिन्छ । यस बाहेक कक्षा अवलोकनबाट के देखियो भने अधिकांश विद्यार्थीहरूको सुनाइ क्षमताको स्तर न्यून भएको साथै शैक्षिक वातावरणले पनि केहिहदसम्म प्रभावपारेको महसुस गरियो ।

सङ्केत नं. १० का शिक्षकको कक्षा शिक्षणपछि गरिएको विद्यार्थी मूल्याङ्कनमा ७०% उपलब्धि प्राप्त भएको देखियो । उक्त पूर्वसूचना दिई कक्षा अवलोकन कार्य गरिएको थियो । व्याख्यान प्रश्नोत्तर र पठनबोध तीनवटा मात्रै विधिको प्रयोग गरिए तापनि उपलब्धि राम्रै मध्यम स्तरकै ७०% पाइयो । जम्मा २५ जना विद्यार्थी रहेको उक्त कक्षामा पनि भविष्य निर्माण कथा शिक्षण गरिएको थियो । पूर्वसूचना पाएकाले राम्रो पूर्वतयारी गरेको पाइए पनि पाठ्यवस्तु किटान गरिएको पाइएन । पठनबोध, प्रश्नोत्तर र व्याख्या विधिको प्रयोग गरिँदा विद्यार्थीको सक्रिय सहभागिता रहेको थियो । कथा शिक्षणका विभिन्न विधिहरूमध्ये पठनबोध र प्रश्नोत्तर यी दुई विधि प्रयोग गरी शिक्षण गर्दा उपलब्धि राम्रै आउने संङ्केत अवलोक्रि कक्षाबाट स्पष्ट भयो ।
अवलोक्रि तथ्यको आधारमा कथा शिक्षण विधिको विश्लेषण गर्दा निष्कर्षमा यही कुरा खुल्न पुग्यो कि कक्षा ९ मा कथा शिक्षण गर्दा शिक्षकहरूले मुख्य गरी शिक्षण विधिहरूको विविधतालाई कथाको प्रकृति हेरेर शिक्षण विधि छनोट गरे शिक्षण प्रभावकारी हुन सक्छ । माथि उल्लिखित संस्थागत विद्यालयका शिक्षकहरूमध्ये कसैले अति न्यून विधिको प्रयोग गर्दा उपलब्धि पनि त्यही अनुसारकै रह्यो ।

**४.४.४ संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाएका विधिहरू र उपलब्धिको तुलनात्मक अध्ययन**

संस्थागत विद्यालयका कक्षा ९ मा शिक्षण गर्ने नेपाली शिक्षकहरूले कथा शिक्षण गर्दा कुन-कुन विधिहरू प्रयोग गरी शिक्षण क्रियाकलाप सञ्चालन गरेका छन् र ती विधिहरू प्रयोग गर्दा उपलब्धि स्तर के-कस्तो देखियो भन्ने कुरा माथिको तालिका नं. ४ र सोही तालिकाको विश्लेषणबाट बुझ्न सकिए पनि विद्यार्थी उपलब्धि स्तरमा देखिएको असमानताका कारण शिक्षण विधिहरूको प्रयोग मात्र नभएर त्यसभित्र धेरै सूक्ष्म कारणहरू रहेको हुन्छ भन्ने सम्पूर्ण जानकारी तुलनात्मक अध्ययनले दिने र शिक्षकहरूलाई पृष्ठपोषण प्राप्त हुने भएकाले आफ्ना कमजोरी सुधार्न सहयोग गर्ने भएकाले पनि यो शीर्षक राख्न प्रासङ्गिक देखिन्छ ।

तालिका नं. ४ मा तालिकीकरण गरिएको सङ्केत नं. ६ का शिक्षकले सबैभन्दा थोरै विधि (दुईवटामात्र) प्रयोग गरी कथा शिक्षण गरिएको विद्यार्थी उपलब्धि सबैभन्दा कम ४२% मात्र देखियो । उक्त शिक्षकलाई  विना सूचना कक्षा अवलोकन गरिएकाले तयारी राम्रो नभएको हुन सक्छ । अरु शिक्षकलाई झैं पूर्वसूचना दिइएको भए उपलब्धि स्तर बढी हुन सक्ने थियो कि । त्यसै गरी सङ्केत नं. ७ का शिक्षकले पनि तीन वटा मात्र विधिको प्रयोग गरी शिक्षण गरेको उपलब्धि बीचको अन्तर शिक्षण विधि पनि हो जसरी नं. ७ का शिक्षकले प्रश्नोत्तर र छलफल विधि प्रयोग गरेर विद्यार्थीलाई सक्रिय बनाएका थिए । त्यसरी नै नं. ६ का शिक्षकले पनि व्याख्यान विधि बाहेक प्रश्नोत्तर, पठनबोध जस्ता विद्यार्थी सक्रिय हुने विद्यार्थी केन्द्रित विधि प्रयोग गरेको भए उपलब्धि अवश्य पनि बढ्न सक्थ्यो ।

त्यसैगरी सङ्केत नं. ९ र ७ का शिक्षकले उत्तिकै तीन तीन वटा शिक्षण विधिको प्रयोग गरेकामा क्रमशः ५४% र ५७% विद्यार्थी उपलब्धि देखियो । व्याख्यान विधि समान रहेको तर सङ्केत नं. ७ का शिक्षकले प्रश्नोत्तर र छलफल विधि प्रयोग गरेका थिए भने सङ्केत नं. ९ का शिक्षकले अभिनय र कथाकथन । यी दुई शिक्षकले प्रयोग गरेका विधिमध्ये प्रश्नोत्तर र छलफल नै प्रभावकारी हुने उक्त दुई शिक्षक कक्षा अवलोकनबाट प्राप्त तथ्यले प्रष्ट पार्दछ । शिक्षणको प्रभावकारिता शिक्षण विधिमा मात्र भर पर्दैन पाठको मुख्य तयारी पाठयोजना र

शैक्षिक सामग्रीलाई पनि सान्दर्भिक तरिकाले प्रयोग गर्नसक्नु पर्दछ । संस्थागत विद्यालयका शिक्षकहरू कसैले पनि पाठयोजना बनाइ शिक्षण गरेको पाइएन । त्यस्तै सङ्केत नं. ७ का शिक्षक र सङ्केत नं. १० का शिक्षकले पनि शिक्षण विधिको विविधतालाई प्रयोग नगरी तीन वटा मात्र विधिको प्रयोग गरेको पाइयो । जसमा उत्ति नै विधि प्रयोग गरी शिक्षण गरेका सङ्केत नं. १० का शिक्षकको कक्षा उपलब्धि ७०% राम्रै देखियो । उनले थोरै विधि प्रयोग गरेपनि प्रस्तुतीकरण शैली ज्यादै राम्रो देखियो । सङ्केत नं. ७ का शिक्षकले पनि पठनबोध विधिलाई प्रयोग गरेका भए विद्यार्थी उपलब्धि पक्कै पनि बढ्न सक्ने देखिन्थ्यो ।

त्यस्तै शिक्षण पश्चात् गरिएको विद्यार्थी मूल्याङ्कन विद्यार्थीका सिकाइ क्षमतालाई वास्ता नगरी सङ्केत नं. ७ का शिक्षक गरेको पाइयो भने सङ्केत नं. १० का शिक्षकले विद्यार्थीको स्तरअनुसारकै प्रश्न गरेको पाइयो ।

संस्थागत विद्यालयका शिक्षिकहरूमध्ये सबैभन्दा बढी उपलब्धि सङ्केत नं. ८ का शिक्षकले गराउन सफल भएका छन् । ८०% उपलब्धि प्राप्त भएको उक्त शिक्षकले चार वटा शिक्षण विधि प्रयोग गरेका थिए । अरु सबै शिक्षकहरूले दुई तीन वटा मात्र शिक्षण विधि प्रयोग गरेका थिए । यस तथ्याङ्कले कथा शिक्षणमा विधिको विविधता हुनै पर्ने जानकारी गराउँछ । यदि अरु शिक्षकहरूले पनि आफूले प्रयोग गर्दा ८०% पुग्न सक्ने थियो । पूर्वसूचना पाएका उक्त शिक्षकले राम्ररी तयारी भएका शिक्षक गरेको पाइयो भने अन्य शिक्षकले राम्ररी तयारी नगरी शिक्षण गरेको अवलोक्रि कक्षा अवलोकन प्रष्ट देखायो । सङ्केत नं. ८ वा शिक्षकले भन्दा कम शिक्षण विधिको प्रयोग गरेका थिए । त्यसैले विद्यार्थी उपलब्धि ७०% मात्र रहन पुग्यो ।

### ४.४.५ सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरू तथा कक्षाको उपलब्धि स्तरको तुलना

कथा शिक्षणका क्रममा सामुदायिक तथा संस्थागत दुवै विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरूमा थोरै समानता देखियो भने धेरै जसो असमानता नै देखियो । जसमध्ये तुलना विधि, प्रतिवेदन प्रस्तुति विधि, समीक्षा विधि र लेख प्रस्तुति यी चार विधिहरूको प्रयोग भने कसैले नगरेको पाइयो ।

विधिहरूको प्रयोगको स्थिति हेर्दा सामुदायिक विद्यालयतर्फ सबैभन्दा बढी महत्त्व व्याख्यान, प्रश्नोत्तर र अभिनय विधिलाई दिइएको पाइयो । यी तीन विधिको प्रयोग शतप्रतिशत शिक्षकहरूले गरेको पाइयो । प्रदर्शन विधिको प्रयोग न्यूनतम रूपमा गरिएको पाइयो जम्मा २०% शिक्षकले मात्रै प्रदर्शन विधिको प्रयोग गरेको देखियो । संस्थागत विद्यालयतर्फका शिक्षकहरूले व्याख्यान विधिलाई मात्र सर्वाधिक प्रयोग गरी शिक्षण गरेको पाइयो । अर्थात् १००% नै व्याख्यान विधिको प्रयोग गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयका शिक्षकहरूले कक्षा ९ मा कथा शिक्षण गर्दा अभिनय विधिलाई न्यूनतम रूपमा प्रयोग गरिएको पाइयो । जम्मा २०% शिक्षकले अभिनय विधिको प्रयोग गरेको पाइयो भने सामुदायिक विद्यालयका शिक्षकहरूले विधिको विविधतालाई प्रयोग नगरेको पाइयो भने सामुदायिक विद्यालयका शिक्षकहरूले तुलनात्मकरूपमा बढी नै विधिहरूको प्रयोग गरी कथा शिक्षण गरेको पाइयो ।

विद्यार्थी मूल्याङ्कनका क्रममा सामुदायिक विद्यालयतर्फ उच्चतम रूपमा ८५% विद्यार्थीले सफलता प्राप्त गरेको पाइयो भने संस्थागत विद्यालयतर्फ ८०% विद्यार्थीले सफलता पाएको तथ्याङ्क प्राप्त भयो । प्राप्त तथ्याङ्कले कुनै पनि कक्षामा शतप्रतिशत असफल र सफल भएको पाइएन । सामुदायिक विद्यालय तर्फको न्यूनतम उपलब्धि (सफलता) ५०% देखियो भने संस्थागतको ४२% मात्र देखियो ।

कक्षागत आकार हेर्दा सामुदायिक र विद्यालयतर्फ निकै ठूलो अन्तर देखियो । सामुदायिक विद्यालयमा अधिकतम ८७ तथा न्यूनतम ३२ जना विद्यार्थी रहेको पाइयो । त्यस्तै संस्थानगत

विद्यालयतर्फ अधिकतम ३३ र न्यूनतम १७ जना विद्यार्थी रहेको पाइयो । सामुदायिक विद्यालयका कक्षाकोठामा विद्यार्थीको औसत सङ्ख्या यसरी हेर्दा संस्थागत विद्यालयमाभन्दा झन्डै तीन गुणा बढी विद्यार्थी सामुदायिक विद्यालयका कक्षामा रहने गरेको तथ्य प्राप्त भयो कक्षाको आकार ठूलो भए पनि संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको उपलब्धि स्तर तुलनात्मकमा केही बढी नै देखिएको पाइयो । कक्षाको आकारले सिकाइ उपलब्धिलाई खासै प्रभाव पारेको देखिदैंन ।

कक्षा अवलोकनका क्रममा पूर्वसूचना दिएर र पूर्व सूचना नदिई दुई तरिकाले अवलोकन गरिएको थियो तर शिक्षणका क्रममा पूर्वसूचना दिएका र नदिईकन अवलोकन गरिएका कक्षामा विधिको विविधीकरण र उपलब्धि स्तरमा खासै ठूलो फरक पाइएन । सामुदायिक विद्यालयमा पूर्वसूचना दिइएका कक्षाहरूकै उच्चतम र न्यूनतम उपलब्धि क्रमशः ८५%, ६०% देखियो भने संस्थागत विद्यालयतर्फ पूर्वसूचना दिइएका उच्चतम उपलब्धि ८०% न्यूनतम ५४% र पूर्वसूचना नदिएको विद्यालय एउटा मात्र थियो जसको उपलब्धि स्तर ४२% पाइयो । सामुदायिकतर्फ न्यूनतम ५१% उपलब्धि पाइयो । यी तथ्यलाई केलाउँदा पूर्वसूचना दिइएको र नदिइएको कारण वा अवस्थाले मात्रै विद्यार्थीहरूको सफलता स्तरमा खासै महत्त्व नराख्ने तथ्य प्राप्त भयो । यस तथ्यलाई तलको तालिकाको माध्यमबाट अझ स्पष्ट पार्न सकिन्छ :

### तालिका नं. ६

### सामुदायिक विद्यालय र संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधि र उपलब्धिको तुलना

| क्त.सं. | सामुदायिक विद्यालय तर्फ | | संस्थागत विद्यालय तर्फ | कैफियत. |
|---|---|---|---|---|
| १ | विधिहरूको प्रयोग | सात प्रकारका विधिहरू | ६ प्रकारका विधिहरू | |
| २ | उच्चतम उपलब्धि | ८५% | ८०% | |
| ३ | न्यूनतम उपलब्धि | ५१% | ४२% | |
| ४ | औसत | ६९.२% | ६०.६% | |
| ५ | कक्षाको उच्च संख्या | ८७ जना | ३३ जना | |
| ६ | कक्षाको औसत संख्या | ५८.२ | २३ | |
| ७ | कक्षाको न्यूनतम संख्या | ३२ | १७ | |
| ८ | सर्वाधिक प्रयोग गरेका विधि | व्याख्यान, प्रश्नोत्तर, अभिनय, कथाकथन, पठनबोध | व्याख्यान, प्रश्नोत्तर | |
| ९ | न्यूनतम प्रयोग गरेका विधि | प्रदर्शन विधि | छलफल,पठनबोध | |
| १० | प्रयोग नगरिएका विधि | तुलना, समीक्षा, लेख प्रस्तुति प्रतिवेदन प्रस्तुति | तुलना, समीक्षा, लेख प्रस्तुति, प्रतिवेदन, प्रस्तुति, प्रदर्शन | |

माथिका तालिकाबाट सामुदायिक र संस्थागत विद्यालयतर्फ कक्षा शिक्षणमा प्रयोग गरिएका र नगरिएका विधिहरूमा केही समानता देखिन्छ भने असमानता बढी देखिन्छ । शिक्षण विधिको प्रयोग गर्ने क्रममा भने सामुदायिक विद्यालयमा व्याख्यान, प्रश्नोत्तर, अभिनय, कथाकथन पठनबोध विधिको प्रयोग बढी गरिएको पाइयो भने संस्थागत विद्यालयतर्फ व्याख्या र प्रश्नोत्तर

विधिलाई अत्यधिक प्रयोग गर्ने गरेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयमा प्रदर्शन विधिको प्रयोग अति कम गरिएको पाइयो भने संस्थागत विद्यालयतर्फ छलफल, पठनबोध, अभिनयकथाकथन न्यूनतम प्रयोग गरिएको देखिन्छ । तालिका अनुसार कक्षागत उपलब्धि औसत स्तरमा ठूलै अन्तर देखिदैन भने कक्षाको आकारगत वा विद्यार्थी सङ्ख्याको औसत स्थिति भने निकै अन्तर देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

शोध विषयका उद्देश्यहरूमा केन्द्रित रही प्रत्यक्ष रूपमा कक्षा अवलोकन आंशिक रूपमा प्रश्नावली अन्तरवार्ताद्वारा प्राप्त तथ्यहरूको विश्लेषण गर्दा कथा शिक्षणका कुनै खास किसिमको विधि मात्र उपयोग गर्नुपर्छ भन्ने पाइएन । यस आधारबाट हेर्दा कथा शिक्षणमा सर्वमान्य यही विधि मात्र उपयोग गर्नु पर्दोरहेछ भन्ने पाइएन । अवलोकित विद्यालयको तथ्याङ्कलाई हेर्दा कक्षा ९ मा कथा शिक्षण गर्दा विशेषगरी सात प्रकारका (व्याख्यान, प्रश्नोत्तर, पठनबोध, छलफल, प्रदर्शन, कथाकथन र अभिनय) विधिहरू मात्र प्रयोग गरेको पाइयो । त्यस्तै गरी कथा शिक्षणमा प्रयोग गरिएका सात प्रकारका विधिहरू हेर्दा कुनै पनि विधि सन्दर्भ सापेक्ष प्रयोगका कारण मात्रै उपयुक्त हुने देखियो । कथा शिक्षणमा न्यूनतम दुई वटा विधिसम्मको प्रयोगले पनि के देखाउछ भने कथा शिक्षणमा विधिहरूको विविधिकरण अपरिहार्य हुन्छ । यो तथ्य निजी विद्यालयतर्फ सङ्केत नं. ६ का शिक्षकले व्याख्यान र कथाकथन दुई विधिको प्रयोग गरी शिक्षण गरिएको कक्षा उपलब्धि स्तर ४२% मात्र देखिएको कुराले प्रष्ट पार्दछ । त्यसैगरी विधिहरूको विविधीकरणका कारणले मात्रै पनि कक्षाको उपलब्धि स्तर राम्रो नहुने तथ्य ४,३, १ को तालिका नं. १ को सङ्केत संख्या एक र दुईको तुलनाबाट प्रष्ट हुन्छ ।ती दुवैमा ६, ६ प्रकारका विधिहरूको प्रयोग गरिए पनि उपलब्धि स्तर क्रमशः ८० र ६०% रहेको देखिन्छ । उल्लिखित सन्दर्भबाट उत्तिनै उस्तै विधिको प्रयोग गरी शिक्षण गर्दा उपलब्धि पनि समान नै हुन्छ भन्ने हुदैन । शिक्षकको शिक्षणकौशल, शिक्षक विद्यार्थीको सम्बन्ध, शिक्षकको व्यक्तित्व, विद्यार्थीको सिकाइ क्षमता, मूल्याङ्कनमा समावेश गरिएका प्रश्नहरू आदि कारणले पनि विद्यार्थी उपलब्धि स्तरमा प्रभाव पार्दछ । त्यसैगरी कथा शिक्षण प्रभावकारी हुनुमा विधिहरूबीचको तालमेल पाठको तयारी पाठयोजना र शैक्षिक सामग्रीको प्रासङ्गिक प्रयोग जस्ता कुराहरूले प्रभाव पार्ने देखिएको हुँदा त्यसतर्फ पनि ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

सामदायिक र संस्थागत विद्यालयमा अवलोक्रि प्रतिनिधि कक्षाहरूबाट सामुदायिक र संस्थागत दुवै गरी विद्यालयमा कथा शिक्षण गर्दा प्रयोग गरिने विधिहरू केही समानता देखिए पनि केही

असमानता पाइयो । यसबाट सामुदायिक र संस्थागत दुवै गरी विद्यालयमा कथा शिक्षण गर्दा विधि उस्तै भएपनि विधिको विविधता सामुदायिक विद्यालयका शिक्षककहरूले प्रयोग गरेको पाइयो भने कम विविधता संस्थागतमा पाइयो । यसको मुख्य कारण तालिम प्राप्तता र अप्राप्तता नै हो भन्ने देखिन्छ । यी दुई प्रकारका विद्यायमा कथा शिक्षणको प्रकृति उस्तै भए पनि विविधतामा फरक देखिएको पुष्टि हुन्छ विधि प्रयोगगत आधारमा सामुदायिक विद्यालयमा व्याख्यान, प्रश्नोत्तर पठनबोध, अभिनय आदि विधिमा बढी जोड दिइएको पाइयो । विद्यार्थीको उपलब्धिस्तरमा सामान्य अन्तर देखिए पनि विधिहरूको प्रयोग र प्रभावकारिताका कारणले नै भन्दा पनि कक्षाको सङ्गठन शिक्षकको प्रभुत्व तथा शिक्षण कौशल कारण त्यस्तो अन्तर आउन सक्ने तथ्यलाई स्वाभाविक नै मान्नुपर्ने देखिन्छ ।

## ५.२ संस्थागत विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरूको सबल र दुर्बल पक्षहरू

### ५.२.१ सबल पक्षहरू

१. कथा शिक्षण विधिको विविधतालाई त्यति प्रयोग नगरे पनि विद्यार्थी केन्द्रित विधिको प्रयोग गरेको पाइयो ।

२. शिक्षण गर्दा लिखित रूपमा पाठयोजना नबनाइएको पाए पनि पाठको तयारी राम्रै देखिएकाले यसलाई सबल पक्ष मान्नु पर्दछ।

३. केही विद्यालयको विद्यार्थी उपलब्धि स्तर न्यूनतम देखिए पनि कक्षा अवलोकनका क्रममा विद्यार्थी सहभागिता राम्रो थियो ।

४. शिक्षण विधिको विविधता बढी नदेखिए पनि उपलब्धि राम्रै देखिनु विधि प्रयोगको सबल पक्ष मानिन्छ ।

### ५.२.२ दुर्बल पक्षहरू

१. कथा शिक्षण विधिको विविधतालाई प्रयोग नगरी वेवास्ता गर्नु ।

२. पूर्वसूचना दिई गरिएको कक्षा अवलोकन भए पनि शिक्षण विधिहरूप्रति सचेत नभएकाले आफ्नो जिम्मेवारी बोध नगरेकाले यो पक्ष कमजोरी देखियो ।

३. सैद्धान्तिक रूपमा पाठयोजना बनाउने कुरा गरे पनि व्यवहारमा त्यो देखिएन । त्यसका साथै पाठ्यवस्तुको स्पष्ट उल्लेख गरिएको पनि पाइएको शैक्षिक सामग्री प्रयोगतर्फ पनि मौन देखियो । यसर्थ विधिहरूको प्रयोग पूर्व योजनावद्ध रूपमा गरिएको भए उपलब्धि स्तर अझ बढी हुन सक्नेतर्फ ध्यान पुऱ्याइएको देखिएन ।

४. कथा शिक्षण गर्दा नयाँ विधिहरूको प्रयोगतर्फ अलिकति पनि अग्रसर नभई परमपरागत विधिलाई नै प्रयोग गर्नु दुर्बल पक्ष अन्तर्गत नै पर्दछ ।

५. कथा शिक्षणमा बढीमा चार प्रकारका विधिहरूको प्रयोग गर्दा ८०%उपलब्धिलाई शतप्रतिशतका बनाउनका लागि शिक्षण विधिलाई भन्दा पनि पाठ रटाइलाई प्राथमिकता दिनु जसले विद्यार्थीलाई सृजनात्मक क्षमतालाई मद्दत गर्दैन ।

## ५.३ सामुदायिक विद्यालयका शिक्षकहरूको कथा शिक्षण गर्दा प्रयोग गरेका विधिहरूको पक्षका सबल र दुर्वल पक्षहरू

### ५.३.१ सबल पक्षहरू

१. कक्षा शिक्षका क्रममा विधिहरूको विविधीकरणतर्फ धेरै शिक्षकहरूको ध्यान गएको पाइयो विषय सन्दर्भ र प्रसङ्ग अनुकूल विविध विधिहरूको अवलम्वन गर्नु सवल पक्ष हो ।

२. शिक्षक केन्द्रित विधिको प्रयोग मात्र नगरी विद्यार्थी केन्द्रित विधिहरूलाई समेत समानान्तर ढङ्गले प्रयोग गर्नु सकारात्मक पक्ष हो । व्याख्यान तथा प्रवचन जस्ता विधिहरू एकोन्मुख प्रवृत्तिका हुन्छन् भने छलफल प्रश्नोत्तर, अभिनय, प्रदर्शन जस्ता विधिहरू द्वयोन्मुख हुन्छन् ।यस प्रकारका विधिमा शिक्षक विद्यार्थी दुवैको भूमिका रहन्छ ।यस्ता विधिहरूलाई कथा शिक्षणमा प्रयोग गरिनु सबल पक्ष मान्न सकिन्छ ।

३. कक्षा अवलोकनका सन्दर्भमा पूर्वसूचना दिएर र पूर्वसूचना नदिएरै पनि कक्षा अवलोकन गरी तथ्यहरू सङ्कलन गरिएको थियो। यसरी हेर्दा पूर्वसूचना तथा विनासूचना अवलोकन गरिएका कक्षाहरूमा विधिहरूको प्रयोग तथा विविधीकरणमा खासै अन्तर पाइएन । यसबाट कक्षा नौंमा नेपाली पढाउँदा हरेक शिक्षकले विधिहरूको विविधीकरणमा ध्यान दिएका हुन्छन् भन्ने प्रमाणित हुन्छ ।

४. विद्यार्थीहरूको उपलब्धि स्तरलाई हेर्दा विधिहरूको प्रयोगका कारणले नै प्रभाव पारेको भन्ने तथ्य प्राप्त भएन ।अतः विधिहरूको सान्दर्भिक र कौशलपूर्वक प्रयोग गरे मात्र उपलब्धि स्तर राम्रो हुन सक्छ भन्ने प्रष्ट भयो । त्यसैगरी शिक्षकमा शिक्षण विधिको ज्ञान मात्र राम्रो भएर हँदैन बरु शिक्षण कौशल नै राम्रो हुनुपर्छ भन्ने कुराको पृष्टि भयो । यसलाई सबल पक्ष मान्न सकिन्छ ।

## ५.३.२ दुर्बल पक्षहरू

१) कक्षा नौंमा कथा शिक्षण गर्दा परम्परागत व्याख्यान विधि र पठनबोध विधिलाई सर्वाधिक महत्त्व दिइनुलाई दुर्वल पक्ष मान्न सकिन्छ किनकि यस प्रकारका विधिहरूमा एकल सक्रियता बढी हुन्छ भने विद्यार्थीहरूको विश्लेषण क्षमता पनि कम हुन्छ ।

२) कक्षा नौंमा कथा शिक्षण गर्नका लागि व्यवहारिक रूपमा कुनै पनि शिक्षकले पूर्व पाठयोजना तयार गरेको पाइएन । त्यसका साथै पाठ्यवस्तुको स्पष्ट रूपमा उल्लेख गरिएको पनि पाइएन । यसर्थ विधिहरूको प्रयोग पूर्वयोजनाबद्ध रूपमा गरिएको भए उपलब्धि स्तर अझ बढी हुन सक्नेतर्फ ध्यान पुऱ्याएको देखिएन । त्यो आलोच्य पक्ष हो ।

३) शैक्षिक सामग्रीको प्रयोगले शिक्षण विधिलाई थप उपलब्धिमूलक बनाउने कुरा शिक्षकहरूलाई थाहा भए पनि शिक्षणमा त्यही दैनिक प्रयोगका सामग्री मात्र प्रयोग गरिएको पाइयो भने न्यूनतम शिक्षकले मात्र त्यसतर्फ ध्यान दिएको पाइयो ।

४) प्रदर्शन, समीक्षा, तुलना जस्ता विधिहरूलाई महत्त्व नदिइनु दुर्वल पक्ष हो किनभने प्रदर्शन विधिको प्रयोगले विद्यार्थीको स्मरण दीर्घकालिन हुन सक्छ भने एउटै विषय वा पाठलाई विविध कोणबाट हेर्ने र विश्लेषण गर्ने विधिको विकास गर्न समीक्षा विधिले सहयोग गर्दछ । शिक्षणका क्रममा यस्ता विधि व्यापक रूपमा प्रयोग गर्नका सट्टा प्रयोगै नगरिनु गरे पनि अत्यन्त कम २०% मात्र प्रयोग गर्नु विधि प्रयोगका नकारात्मक पक्ष हुन् ।

५) कथा शिक्षण विधिहरू जम्मा ७ प्रकारको अपनाइएको पाइयो । यसरी विधिहरूको विविधीकरण भए पनि विद्यार्थी उपलब्धि शतप्रतिशत पाइएन । शतप्रतिशतका लागि कुन-कुन पक्षहरू कारक छन् भनी थप चासो देखाइएको पाइएन विधिको विविधता तर्फमात्र सबैको स्थान गएको पाइनु विधि प्रयोग पक्षको दुर्बल/कमजोरी पक्ष हो ।

६) कक्षा नौँमा अध्ययन गर्ने विद्यार्थीहरूको उमेर सानै हुन्छ । त्यसैले कथा शिक्षण गर्दा सरल विधिहरूको बढी प्रयोग गर्नुपर्छ । व्याख्यान, छलफल, प्रश्नोत्तर प्रदर्शन, कथाकथन अभिनय, आदि सरल प्रकृतिका विधि मानिन्छन् भने समीक्षा, लेख प्रस्तुति, तुलना, प्रतिवेदन प्रस्तुति जस्ता विधिहरू अलि जटिल प्रकृतिका मानिन्छन् भने सरल प्रकारका विधिको अधिकतम उपयोग गर्दै जटिल प्रकारका केही विधिहरूलाई पनि आंशिक रूपमै भए पनि प्रयोग नगरिनु दुर्बल पक्ष मान्नुपर्छ ।

७) एकै कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूको क्षमता एउटै नहुने भएकाले मूल्याङ्कन गर्दा क्षमताअनुसारको प्रश्न सोध्नुपर्ने देखिन्छ । त्यस्तो कुरामा शिक्षक सजक नभएमा कमजोर विद्यार्थी पढाइप्रति अझ हतोत्साही हुन्छन् अनि झन कमजोरीको दुरी बढ्दै जानसक्छ ।

## ५.४ सुझावहरू

१. कथा शिक्षणका लागि कुनै एक मात्र विधि पूर्ण छ भन्ने हुदैन अतः विषय, सादर्भ, पाठ्यवस्तु आदिको प्रकृतिका आधारमा विधिहरूको विविधीकरण हुनु अपरिहार्य हुन्छ ।

२. कक्षा नौँमा कथा शिक्षण गर्दा व्याख्यान,पठनबोध, कथाकथन विधिलाई भन्दा छलफल प्रश्नोत्तर, प्रदर्शन, जस्ता विधिहरूलाई बढी महत्त्व दिनुपर्छ ।

३. कक्षा शिक्षणलाई योजनाबद्ध ढङ्गले पाठयोजना तयार पारी पाठ्यवस्तुको किटानी साथ अगाडि बढाउनुपर्छ यसो गर्दा शिक्षण क्रियाकलापमा सुगमता आउनुका साथै शिक्षण उद्देश्यपूर्ण हुने भएकाले उपलब्धि स्तर पनि वृद्धि हुन सक्छ ।

४. तुलना, प्रतिवेदन, प्रस्तुति जस्ता जटिल प्रकृतिका विधिहरूलाई सरल र सङ्क्षिप्त ढङ्गले सामुहिक कार्य, योजना कार्य आदिका माध्यमबाट उपयोग गर्दै लैजानुपर्छ । यसबाट विद्यार्थीहरूमा खोजी गर्ने, तर्क गर्ने, तथ्यलाई केलाउने क्षमता तथा आत्मविश्वासको अभिवृद्धि हुन्छ ।

५. तालिम अप्राप्त शिक्षकहरूलाई कथा शिक्षण विधि र प्रयोग सम्बन्धि राम्रो ज्ञान हुदैन जसको कारण विद्यार्थी उपलब्धि स्तरमा पर्ने जाने भएकाले तालिम अप्राप्त शिक्षकहरूलाई तालिमको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

६) सामुदायिक विद्यालयहरूमा प्राय सबै तालिम प्राप्त शिक्षकहरू नै हुने गर्दछन् । तर तालिममा हासिल गरेका कुराहरूलाई कक्षा शिक्षण क्रियाकलापमा अपनाइएको पाइदैन ।
यस कुराले शिक्षक तालिम लिनु भनेको औपचारिकता पूरा गर्नु मात्र जस्तै देखिएकाले तालिमको महत्त्व बुझी सकेसम्म कक्षा शिक्षणमा प्रयोग गर्नुपर्छ ।

७) विद्यालयहरूमा पठनपाठन कसरी भैरहेको छ ? मूल्याङ्कन प्रणाली कस्तो छ? शिक्षकहरूको विद्यालयप्रतिको जिम्मेवारी कस्तो छ भन्ने विषयसम्बन्धी जानकारी लिन र सोहीअनुसारको सजायको भागिदार बनाउन समय समयमा निरीक्षण सुपरिवेक्षण बढाउनुपर्छ ।

८) विद्यालयहरूमा अनुगमन,सुपरिवेक्षण गरी तालिम आदिमा प्राप्त गरेको ज्ञान एवम् सीप आदिलाई कक्षा कोठामा के कसरी प्रयोग गरेको छ र विद्यार्थी उपलब्धि स्तर कस्तो छ आदिलाई मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्दछ । समय र योग्यताको आधारमा मात्र नभई कार्य दक्षताको आधारमा बढुवा गराइनु पर्दछ ।

९) कथा शिक्षण गर्दा विधिहरूको विविधतालाई मात्र ध्यान नदिई, आफ्नो प्रस्तुति शैली, शिक्षण कौशल, विद्यार्थीहरूको सिक्ने क्षमता आदिलाई ख्याल गरी सोहीअनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

१० कथा शिक्षणमा उपलब्धि उच्च हुनु विधिहरूको प्रयोग बढी गर्नुले नै हो भन्ने मानसिकता नबनाई आफ्नो शिक्षण कौशलतालाई उत्तिकै हेर्नुपर्ने हुन्छ । थोरै शिक्षण विधि प्रयोग गरेपनि शिक्षण क्रियाकलाप कुशलतापुर्वक सञ्चालन गर्ने सकेको खण्डमा उपलब्धि राम्रो हुन्छ । त्यसैले विधिको प्रयोग एकातिर छ भने अर्कोतिर शिक्षण कौशललाई सुधार्नु पर्दछ ।

११. अवलोक्रि कक्षाको तथ्यले के कुरा पुष्टि गर्‍यो भने सैद्धान्तिक रूपमा जस्तो राम्रो देखिए पनि व्यवहारमा त्यस्तो पाइएन । त्यसैले सिद्धान्तलाई व्यवहारमा जतिसक्दो उतार्न सके उपलब्धि स्तर अवश्य वृद्धि हुन्छ ।

१२. प्रत्येक तहका लागि शैक्षिक योग्यता तोकिएको भए पनि योग्यता विहीन शिक्षकहरूले पनि शिक्षण गरेको पाइयो । हुन त शैक्षिक योग्यता नै सबै कुराको कारक तत्त्व भन्ने देखिन्दैन, कतिपय अवस्थामा कम शैक्षिक योग्यता भएका शिक्षकमा पनि शिक्षण कला राम्रो हुन्छ तर निश्चित तहका लागि आवश्यक योग्यता हुनु राम्रो मानिन्छ ।

१३. विद्यार्थीहरूलाई पाठ घोकाउने रटाउनेभन्दा पनि बुझाउनेतर्फ जोड दिदा राम्रो हुन्छ । सोधिएको कुरा घोकेर रटेर भनेको भन्दा बुझेर मौलिकतापूर्वक भनेकै उत्तम मानिन्छ । जसले विद्यार्थीलाई सृजनात्मक र तार्किक हुन सहयोग गर्दछ ।

१४. प्रत्येक विधाको शिक्षण गर्ने विधि फरक फरक हुने भएकाले विधाको आधारमा छुट्टाछुट्टै तालिमको व्यवस्था गरी कक्षा शिक्षणमा प्रयोग गर्नु प्रोत्साहित गर्न सके कथा शिक्षण विधि प्रभावकारी तथा उद्देश्यपूर्ण हुन सक्थ्यो ।

१५. प्रत्येक विधाको आ-आफ्नै किसिमका शिक्षण क्रियाकलाप हुने भएकाले शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाउनु पर्ने शिक्षण क्रियाकलाप ख्याल गरी शिक्षण गर्नुपर्छ ।

१६. शिक्षकहरूले कथा शिक्षण गर्दा दैनिक प्रयोगका सामग्री बाहेक केही शिक्षकहरूले मात्र चित्रहरू, प्रश्न सूची आदि प्रयोग गरेकाले शैक्षिक सामग्री न्यूनतम पाइयो । साथै शिक्षण सामग्रीको विविधतालाई समेत ध्यान दिनु जरुरी देखिन्छ ।

१७. प्राप्त तथ्यहरूको व्याख्या विश्लेषणबाट कथा शिक्षण गर्दा यही विधि उपयुक्त हुन्छ भन्ने कुनै प्रमाण फेला नपरेकाले कथाको प्रकृतिअनुसार जुनसुकै विधिलाई सन्दर्भ, प्रसङ्ग अनुकूल प्रयोग गर्दा शिक्षण प्रभावकारी हुने कुरा सबै शिक्षकहरूले बुझ्नु पर्दछ ।

## ५.५ शैक्षिक प्रयोग

१. नेपाली भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरूको अध्ययन अनुसन्धान गर्नका लागि सहयोग पुऱ्याउनु,

२. तालिम प्राप्त शिक्षकहरूलाई तालिमबाट प्राप्त गरेका ज्ञान, सीप र अनुभवहरूको प्रयोग गरी कक्षा शिक्षण गर्न सचेत गराउन,

३. कथा शिक्षण विधिहरूको जानकारी हासिल गरी उपर्युक्त तरिकाले कथाा शिक्षण गर्न शिक्षकलाई सहयोग पुऱ्याउन,

४. सामुदायिक र संस्थागत विद्यालयका शिक्षणसम्बन्धी समस्याहरूको पहिचान गरी समाधानका आवश्यक उपायहरू अवलम्बन गर्न मद्दत पुऱ्याउनु,

५. कथा शिक्षण गर्नु पूर्व पाठयोजना तयार गरी, पाठ्यवस्तु समेत किटान गरी शैक्षिक सामग्रीको प्रयोग गर्नेतर्फ सचेत पार्नु,

६. तालिम अप्राप्त र अयोग्य शिक्षकहरूतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गर्नु ,

७. कथा शिक्षण विधिको प्रयोग विविधीकरण र उपयुक्त विधिहरू अपनाइ शिक्षण गर्न,

## ५.६ भावी शोधकार्यका लागि सम्भाव्य शीर्षकहरू

**भावी शोधकार्यका लागि निम्नलिखित शीर्षकहरूलाई लिन सकिन्छ :**

१. कक्षा ९ मा कथा र कविता विधा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधिहरूको तुलनात्मक अध्ययन,

२. विधा शिक्षणका युक्तिहरू र कथा शिक्षणमा तिनको प्रयोग पक्षको विश्लेषण ।

३. कक्षा ९ का कथा विधामा पाठ्यवस्तु अनुरूपका शिक्षण विधिहरूको विविधीकरण र तिनको तुलना,

४. कक्षा ९ मा जीवनी शिक्षण गर्दा प्रयोग गरिने  विधिहरूको अध्ययन,

५. गद्य र पद्य विधा शिक्षण गर्दा प्रयुक्त विधिहरू बीचको समानता र असमानता,

६. माध्यमिक तहमा नेपाली भाषाशिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन,

७. सामुदायिक र संस्थागत विद्यालयमा कथा शिक्षण गर्दा प्रयोग गरिएका विधिहरूको तुलनात्मक अध्ययन तथा विश्लेषण ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज(२०५९-चौथो संस्करण), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति**, काठटमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई सम्पा. (२०६०), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौ : विद्यार्थी प्रकाशन प्रा.लि.।

अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६), ललितपुर : साझा प्रकाशन ।

खनाल, राजेन्द्र (२०६१),**मुगलान उपन्यासको शैलीबैज्ञानिक अध्ययन**, स्नातकोत्तर शोधपत्र त्रि.वि.शिक्षाशांस्त्र, नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुर ।

जोन, सर्बल र अन्य (सम्पा),(सन् २०१०,अठारौ संस्करण), **अक्सफोर्ड एडभान्सड लर्नर्स डिक्सनरी अफ करेन्ट इङ्गलिस,** न्यूयोर्क : अक्सफोर्ड यूनिभर्सिटी प्रेस ।

नेपाली पाठ्यपुस्तक (कक्षा ९), (२०६७), सानोठिमी भक्तपुर : पाठ्यक्तम विकास केन्द्र ।

न्यौपाने, विनोदकुमार (२०६२), **कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन**, (अप्र), स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र-नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुर ।

पौडेल, देवीदन्त (२०६०), **कक्षा ८ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन**(अप्र) स्नातकोत्तर शोधपत्र त्रि.वि.शिक्षाशास्त्र नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुर।

पौडेल, राजेन्द्र र सी.एन. पण्डित (२०६८), **आधुनिक अनुसन्धान पद्धति,** काठमाडौ : प्रज्ञा प्रकाशन ।

बुढाथोकी, गोपाल(२०६२), **कक्षा-७ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन (अप्र),** स्नातकोत्तर शोधपत्र त्रि.वि., शिक्षाशास्त्र नेपाली भाषा शिक्षण विभा, कीर्तिपुर ।

बेल्वासे, अनन्तप्रसाद (२०६०), **कक्षा-५मा कथा शिक्षण गर्दा प्रयोग भएका विधिहरूको अध्ययन,** स्नातकोत्तर शोधपत्र त्रि.वि.शिक्षाशास्त्र नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६४), **नेपाली गद्य र नाटक,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०६५), **स्नातकोत्तर नेपाली शोध विवरण,** कीर्तिपुर : हिरा बुक्स इन्टरप्राइजेज ।

लम्साल, रामचन्द्र र अन्य (२०५४), **माध्यमिक विद्यालय प्रशिक्षार्थी निर्देशिका,** शिक्षा मन्त्रालय : माध्यमिक शिक्षा विकास परियोजना,सानोठिमी, भक्तपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०५६), **नेपाली शिक्षक निर्देशिका, (कक्षा ९ र १०** ), सानोठिमी भक्तपुर : पाठ्यक्तम विकास केन्द्र ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६७), **नेपाली गद्य र भाषा साहित्य,** भोटाहिटी : नवीन प्रकाशन ।

शर्मा,केदारप्रसाद र माधव पौडेल (२०६०) **नेपाली भाषा र साहित्य शिक्षण**, कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

श्रेष्ठ, दयाराम (सं. २०६२), **नेपाली कथा भाग-४ (२०६२)**, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव र अन्य (सम्पा. २०४०/२०५८-पाँचौ संस्क.) **नेपाली बृहत शब्दकोश,** काठमाडौ : नेराप्रप्र ।

# अनुसूची १

## सामुदायिक विद्यालयका शिक्षकहरूको कक्षावलोकनबाट प्राप्त तथ्याङ्क

| सि.नं. | प्रयोग गरिएका विधिहरू | पाठ | शै.सामग्री | वि.संख्या | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन | खड्गबहादुर | बोधप्रश्न सूची | ८७ | ८०% | पूर्वसूचना नदिइएको |
| २ | व्याख्यान, छलफल, प्रश्नोत्तर, पठनबोध, अभिनय, कथाकथन | खड्गबहादुर | दैनिक प्रयोगका सामग्री मात्र | ३२ | ६०% | पूर्वसूचना नदिइएको |
| ३ | व्याख्यान, छलफल, प्रश्नोत्तर, अभिनय | निर्माण भविष्य | दैनिक प्रयोगका सामग्री मात्र | ६६ | ७०% | पूर्वसूचना दिइएको |
| ४ | व्याख्यान, प्रश्नोत्तर, पठनबोध, कथाकथन | खड्गबहादुर | दैनिक प्रयोगका सामग्री मात्र | ४५ | ५१% | पूर्वसूचना दिइएको |
| ५ | व्याख्या, प्रश्नोत्तर, पठनबोध, अभिनय, प्रदर्शन, कथाकथन, छलफल | शिशिर र वसन्तको कथा | पाठसँग सम्बन्धी चित्रहरू | ६१ | ८५% | पूर्वसूचना दिइएको |

# अनुसूची २

## संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधि, शिक्षण गरेका पाठ, शैक्षिक सामग्री विद्यार्थी संख्या उपलब्धि

| वि. संकेत | प्रयोग गरेका विधिहरू | पाठ | विद्यार्थी संख्या | उपलब्धि | उपलब्धि |
|---|---|---|---|---|---|
| ६ | व्याख्यान , कथाकथन | शिशिर र वसन्तको कथा | १९ | ४२% | पूर्वसूचना नदिएको |
| ७ | व्याख्यान, प्रश्नोत्तर, छलफल | खड्गबहादुर | १७ | ५७% | पूर्वसूचना दिइएको |
| ८. | व्याख्यान, प्रश्नोत्तर, छलफल, पठनबोध | शिशिर र वसन्तको कथा | ३३ | ८०% | पूर्वसूचना दिइएको |
| ९. | व्याख्यान, अभिनय, कथाकथन | भविष्य निर्माण | २१ | ५४% | पूर्वसूचना दिइएको |
| १० | पठनबोध, प्रश्नोत्तर र व्याख्यान | भविष्य निर्माण | २५ | ७०% | पूर्वसूचना दिइएको |

# अनुसूची ३

## सामुदायिक विद्यालय र संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधि र उपलब्धिको तुलना

| क्त.सं. | सामुदायिक विद्यालय तर्फ | | संस्थागत विद्यालय तर्फ | कैफियत. |
|---|---|---|---|---|
| १ | विधिहरूको प्रयोग | सात प्रकारका विधिहरू | ६ प्रकारका विधिहरू | |
| २ | उच्चतम उपलब्धि | ८५% | ८०% | |
| ३ | न्यूनतम उपलब्धि | ५१% | ४२% | |
| ४ | औसत | ६९.२% | ६०.६% | |
| ५ | कक्षाको उच्च संख्या | ८७ जना | ३३ जना | |
| ६ | कक्षाको औसत संख्या | ५८.२ | २३ | |
| ७ | कक्षाको न्यूनतम संख्या | ३२ | १७ | |
| ८ | सर्वाधिक प्रयोग गरेका विधि | व्याख्यान, प्रश्नोत्तर, अभिनय, कथाकथन, पठनबोध | व्याख्यान, प्रश्नोत्तर | |
| ९ | न्यूनतम प्रयोग गरेका विधि | प्रदर्शन विधि | छलफल,पठनबोध | |
| १० | प्रयोग नगरिएका विधि | तुलना, समीक्षा, लेख प्रस्तुति प्रतिवेदन प्रस्तुति | तुलना, समीक्षा, लेख प्रस्तुति, प्रतिवेदन, प्रस्तुति, प्रदर्शन | |

## अनुसूची ४

## कक्षा अवलोकन फारम

शिक्षकको नाम:

विद्यालयको नाम : घन्टी :

कक्षा: मिति :

१. शिक्षण क्रियाकलापको सुरुवात :

.........................................................................................................................

२. अंगालेका मुख्य शिक्षण विधि

.........................................................................................................................

३. पाठको मुख्य तयारी

.........................................................................................................................

४. शिक्षण सामग्रीको प्रयोग

.........................................................................................................................

५. भाषिक सीप विकास

.........................................................................................................................

६. विद्यार्थी सहभागिता

.........................................................................................................................

७. विद्यार्थी मूल्याङ्कन

.............................................................................................................................

८. गृहकार्य

.............................................................................................................................

९. अन्य

.............................................................................................................................

.............................................................................................................................

## अनुसूची ५

## शिक्षक प्रश्नावली फारम

शिक्षकको नाम :

विद्यालयको नामः मितिः

१. कथा शिक्षण गर्दा कुन कुन विधिको प्रयोग गर्नुहुन्छ ?

………………………………………………………………………………………………

………………………………………………………………………………………………

२. कक्षा ९ मा कथा शिक्षण गर्दा कुन विधि प्रयोग गरेमा शिक्षण प्रभावकारी हुनसक्छ ?

………………………………………………………………………………………………

………………………………………………………………………………………………

३. आफूले प्रयोग गरेको विधिबाट तपाईँ कतिको सन्तुष्ट हुनुहुन्छ ?

………………………………………………………………………………………………

………………………………………………………………………………………………

४. कथा शिक्षण भाषिक सीप विकास या साहित्यिक रसास्वादान कुन प्रयोजनका लागि गर्नुहुन्छ ?

………………………………………………………………………………………………

………………………………………………………………………………………………

५. कथा शिक्षण गर्दा पाठयोजना बनाउनुहुन्छ कि हुन्न ?

………………………………………………………………………………………………

………………………………………………………………………………………………

६. शिक्षण पश्चात मूल्याङ्कन गर्नुहुन्छ कि हुन्न ?

.......................................................................................................................

.......................................................................................................................

७. विद्यार्थी मूल्याङ्कन गर्दा के कस्ता क्रियाकलाप अपनाउनु हुन्छ ?

.......................................................................................................................

.......................................................................................................................

८. शैक्षिक सामग्रीको प्रयोग कतिको गर्नुहुन्छ ?

.......................................................................................................................

.......................................................................................................................

९. कथा शिक्षण गर्दा व्याख्यान, प्रश्नोत्तर, पठनबोध, छलफल यी चार विधिबाहेक अन्य विधिको कम प्रयोग भएको देखिन्छ, किन होला ?

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

१०. कथा शिक्षण गर्दा उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग जस्ता क्रियाकलाप गराउनुहुन्छ कि हुन्न ?

.......................................................................................................................

.......................................................................................................................

११. दैनिक गृहकार्य दिनुहुन्छ ?

.....................................................................................................................